जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक ४ | • २०८१ साल जेठ १० गते बिहीबार (23 May, Thursday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## संघीयता खारेजीको पक्षमा रास्वपाको जनमत संकलन



**बखतियार अलि**

मलंगवा । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धर्मनिरपेक्ष तथा संघीयता खारेजीको पक्षमा जनमत संकलन गरिरहेको छ । रास्वपाका केन्द्रीय महामन्त्री मुकुल ढकाल अहिले मधेश प्रदेशका जिल्लाहरुमा संघीयता र धर्मनिरपेक्षता सम्वन्धमा समीक्षा बैठक गरी जनमत संकलन गरेका छन्।

सर्लाहीको लालबन्दी नगरपालिकामा बुधबार आयोजित बैठकमा महामन्त्री ढकालले धर्मनिरपेक्षता तथा संघीयता खारेजीको पक्षमा आफ्नो पार्टीका नेता कार्यकर्तालाई हात उठाएर नै समर्थन वा विरोध जनाउने बताएपछि धेरैको मत बाभिएको थियो।

केहीले धर्मनिरपेक्षता तथा संघीयता खारेजीको पक्षमा उभिएका थिए भने केहीले धर्मनिर्पेक्षता तथा संघीयता खारेज नगरौं यो जनताको बलिदानबाट प्राप्त उपलब्धि रहेको बताएका थिए।

यसमा सुधार गर्न उपस्थित जनसमुदायले सुझाव दिए । रास्वपाका लालबन्दी नगर कमिटीका अध्यक्ष बालकृष्ण कार्कीको नेतृत्वमा भएको समीक्षा गोष्ठीमा धर्मनिरपेक्षता तथा संघियता खारेजीको पक्षमा आफूहरु असहमत रहेको बताए।

सबै जातजातिको साझा फुलवारी हो नेपाल कुनै एकल धर्मको नभएर सबै धर्मको समान अधिकार र पहिचान हुनुपर्नेमा दुईमत नरहेको बताउँदै अध्यक्ष कार्कीले संघीयता खारेजीको पक्षमा बहुमत सदस्य नरहेको बताए। धर्मनिरपेक्षता कुनै पनि हालतमा खारिज हुनु हुदैन् बरु संघीयताको सवालमा सुधारको खाँचो रहेको अध्यक्ष कार्कीले बताए।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सर्लाही जिल्ला उपसभापति पञ्चबहादुर सिन्तानले भने-'महामन्त्री मुकुल ढकाल अहिले मधेश प्रदेशका जिल्लाहरुमा समीक्षा बैठक गरिरहेका छन् यसै समीक्षा बैठकबाट वर्तमान व्यवस्था प्रति उनले जनमत संकलन गरेर पार्टीले भावी नीति बनाउने छ।'

आमजनताको चाहना र अपेक्षा बमोजिम नै रास्वपाले नीति नियम बनाउने भनेर धर्मनिरपेक्षता तथा संघीयता खारेजीको पक्षमा बहस शुरु गरिएको हुन सक्ने सिन्तानले बताए।

# कान्तिपुरका अध्यक्ष सिरोहियाको तीन दिन म्याद थप

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा जिल्ला अदालतले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई हिरासतमा राखेर अनुसन्धान गर्न तीन दिनको म्याद थप गरेको छ।

नागरिकतासम्बन्धी मुद्दामा मंगलबार काठमाण्डुबाट पक्राउ गरेर धनुषा ल्याइएका सिरोहियालाई बुधबार जिल्ला अदालतका न्यायाधीश चुरामन खड्काको इजलासले तीन दिन म्याद थप अनुमतिको आदेश दिएको छ।

धनुषा प्रहरीले अध्यक्ष सिरोहियालाई दस दिन हिरासतमा राखेर अनुसन्धान गर्ने समय माग गरेको थियो। तर सरकारी वकिलले भने पाँच दिन हिरासतमा लिएर अनुसन्धान गर्ने समय माग गरेका थिए।

अदालतले म्याद थप गरेसँगै सिरोहियाको वयान लिने क्रम जिल्ला प्रहरी कार्यालय धनुषामा सुरु भएको छ । नागरिकताको प्रारम्भिक अनुसन्धान गर्ने जिल्ला प्रशासन कार्यालयलाई सिरोहियाको नागरिकता प्रकरणमा संलग्न गराइएको छैन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का कार्यकर्ताबाट सिरोहियाको नागरिकताविरुद्ध उजुरी हाल्न लगाएर गृहमन्त्री लामिछानेले प्रतिशोध साध्ने काम गरेको भन्दै चौतर्फी आलोचना भइरहेको छ।

अध्यक्ष सिरोहियालाई मंगलबार काठमाण्डुको थापाथलीस्थित कान्तिपुर पब्लिकेशन्सको केन्द्रीय कार्यालयमा कार्यकक्षबाटै प्रहरीले पक्राउ गरेर धनुषा ल्याएको थियो।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले प्रतिशोध साँध्नका लागि कान्तिपुरका अध्यक्ष सिरोहियालाई पक्राउ गरेको भन्दै चौतर्फी विरोध भइरहेको छ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले जन्मदर्ता, नागरिकता र पासपोर्ट समेत किर्ते बनाएर एकजना किशोरीलाई विदेश पठाएकोविरुद्ध ८ महिनादेखि निरन्तर आन्दोलन हुँदा पनि कारबाही थालिएको छैन् । त्यसमा ठूलो रकमको चलखेल भएको आरोप गृहमन्त्री लामिछानेमाथि लागेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेले पटक-पटक कान्तिपुरमा प्रकाशित प्रसारित समाचारको प्रसंग उल्लेख गर्दै सार्वजनिक रूपमै समेत धम्क्याएका थिए।

नागरिकता कीर्तेको उजुरी परेपछि प्रहरीको आग्रहमा धनुषा जिल्ला अदालतले मंगलबार सिरोहियाविरुद्ध पक्राउ पूर्जी जारी गरेको थियो।

आयोगले नेपालको संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिएको छ भने धारा १७ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरिएको स्मरणसमेत गराएको छ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले देशको अग्रणी सञ्चारगृह कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई नागरिकताको विषयमा पक्राउ गरी सरकारले नंग्नताको हद नाघेको बताएका छन्। झण्डै सय वर्षदेखि जनकपुरधाममा बसोबासगर्दै विभिन्न व्यवसाय र समाजसेवामा समर्पित सिरोहिया परिवारको नागरिकतामाथि प्रश्न उठाउने स्वयं नागरिकता प्रकरणको अपराधी रहेको आरोप लगाएका छन्।

सिरोहियाको तत्काल रिहाईको मागगर्दै यादवले सरकारको पूर्वाग्राही कारवाहीविरुद्ध आन्दोलन गर्ने जनाएका छन्।

यता नेपाली कांग्रेस धनुषा, तराइ मधेश लोकतान्त्रिक पार्टीलगायतले सिरोहिया पक्राउ गरेको विरोधमा सरकारको कडा आलोचना गर्दै निन्दा गरेको छ।



## जनकपुरधाम सिरोहियाको रिहाइ माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको रिहाइको माग गर्दै सरकारविरुद्ध प्रदर्शन गरिएको छ।

अध्यक्ष सिरोहियालाई पक्राउ गरेको विरोध गर्दै जनकपुरधाममा बुधवार नागरिक समाज, उद्योगी, व्यवसायी, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि, विभिन्न पेशाकर्मी, सामाजिक संघसंस्था लगायतले प्रदर्शन गरे । धनुषा जिल्ला अदालत अगाडि पुगेर सरकारको विरोधमा नारावाजीमा उत्रिएका प्रदर्शनकारी र प्रहरीबीच घम्साघम्सी भएको थियो।

सरकारविरुद्ध नाराबाजीगर्दै अदालततर्फ जान खोज्दा प्रहरीको घेरा तोड्ने क्रममा प्रदर्शनकारी र प्रहरीबीच घम्साघम्सी भएको थियो।

प्रदर्शनकारीहरुले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले प्रतिशोध साध्न सिरोहियालाई पक्राउ गरेको भन्दै सरकारविरुद्ध प्रदर्शन गरिएकोछ।








नरहा गाउपालिका
नरहा, सिरहा, मधेश प्रदेश

# चिकित्सा शिक्षा पढ्ने विद्यार्थीको सूची हेरफेरसम्बन्धी समस्या समाधान



काठमाण्डु । बङ्लादेशमा चिकित्सा शिक्षा पढ्न जाने विद्यार्थीको सूची हेरफेरको समस्या समाधान भएको छ । बङ्गलादेश सरकारले अन्तिम सूचीमा छुटेका आठ नेपाली विद्यार्थीलाई भर्ना दिन पत्राचार गरेसँगै समस्या समाधान भएको हो ।

सोबारे निर्णयको पत्र नेपाल सरकारलाई प्राप्त भएको शिक्षा मन्त्रालयले जनाएको छ । बङ्गलादेश सरकारले दिने कोटामा चिकित्सा शिक्षा पढ्नका लागि नेपाल सरकारका तर्फबाट १९ एमबिबिएस र तीन बिडिएस गरी २२ जनाको नाम चिकित्सा शिक्षा आयोगको सिफारिसमा शिक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत बङ्गलादेश पठाइएको थियो । नाम सिफारिस गरिएकामध्ये दुई जनाले अन्तिम सूचिका लागि आवेदन दिएका थिएनन् । बङ्गलादेशबाट अन्तिम सूचीमा १२ जनाको मात्रै नाम आएको चिकित्सा शिक्षा आयोगले जनाएको थियो ।

यसरी सिफारिस भएका विद्यार्थीको सूची हेरफेर भएर आएकोबारे शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले नेपालस्थित बङ्गलादेशी राजदूतसँग छलफल गर्नुभएको थियो । नामावली हेरफेरका सम्बन्धमा परराष्ट्र मन्त्रालयले बङ्गलादेश सरकारलाई ‘कूटनीतिक नोट’ पठाएकामा त्यसको जवाफमा बङ्गलादेशले छुटेका आठ जनालाई समावेश गर्ने निर्णयसँगैको पत्र कूटनीतिक नोटमार्फत जानकारी दिएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ ।

मन्त्री श्रेष्ठले विभिन्न कारणले उत्पन्न समस्याले विद्यार्थीमा अन्योलता छाएकोमा सो समस्या समाधान गर्न अहोरात्र खटिने सबैप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ । बुधबार सम्बन्धित विद्यार्थीलाई मन्त्रालयमा संवाद गर्दै बङ्गलादेशमा अध्ययन गर्न जाने सबैलाई शुभकामना व्यक्त गर्नुभयो । “नयाँ ठाउँमा नयाँ संस्कृतिमा घुलमिल हुन समय लाग्छ । आफ्नो शारीरिक तथा मानसिक स्वास्थ्यको ख्याल गर्नुहोला । मेहनत गरेर सफल भई स्वदेशको सेवा गर्न फर्केर आउनुहोला”, संवादका क्रममा मन्त्री श्रेष्ठले भन्नुभयो । रासस

# पत्रकार यादव र रोहिताको दुर्घटना छानबिन गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । महिना दिन नवित्दै दुई पत्रकारको दुर्घटनामा मृत्यु भएपछि घटना शंकास्पद देखिएको भन्दै मिडिया काउन्सिल मधेश प्रदेशले छानबिनको माग गरेको छ ।

उनले एक महिना नवित्दै धनुषामा एकै प्रकृतिको दुर्घटना दोहोरिनुले हत्या भएको हुन सक्ने भएकाले सो घटनाको सवालमा छानबिन गरी दोषीलाई कारबाही गरी आवश्यक कानुनी कारबाहीको माग छ ।

जेठ ५ गते जनकपुरधामस्थित थापा चोकमा एकाविहानै शिवेन्द्र रोहिता सवार मोटरसाइकलमा कारले ठक्कर दिएपछि उनको घटनास्थलमै मृत्यु भएको थियो भने बैशाख ११ गते स्थानीय पत्रकार विनयकुमार यादवको धनुषाको ढल्केवरमा राति दुर्घटनाबाट मृत्यु भएको थियो ।

स्थानीय पत्रकारद्धय रोहिता र यादवको दुर्घटनाकै कारण मृत्यु भएको देखिए पनि यादवको मृत्यु नभई हत्या भएको देखिएकोले रोहिताको समेत हत्या हुनसक्ने भन्दै मिडिया काउन्सिलका निमित्त प्रशासकीय प्रमुख मुनेश्वर यदावको भनाइ छ ।

उनले धनुषामा एक महिनामै एकै प्रकृतिको दुर्घटना देखिनु र पत्रकार यादवको दुर्घटनाको अनुसन्धान पछि हत्या हुन सक्ने पीडित परिवारजनले दिएको जाहेरी दर्ता गरी थप अनुसन्धान धनुषा प्रहरीले गरिरहेको बताउँदै निमित्त प्रशासकीय प्रमुख मुनेश्वर यादवले भने, ‘होनहार युवा पत्रकार विनयकुमार यादव र अर्का पत्रकार शिवेन्द्र रोहिताको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको देखिए पनि विनयको मृत्यु नभइ हत्या भएको देखिए पछि थप अनुसन्धान भइरहेको हुनाले यस घटनासम्बन्धी सम्बन्धित निकायले निष्पक्षरुपमा सत्यतथ्य छानबिन गरी दोषीमाथि आवश्यक कानुनी कारबाही गर्न माग गर्छौं ।’

# यातायात श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न माग



**रञ्जन यादब**

कलैया । यातायात क्षेत्रको श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न र प्रहरी प्रशासनको अमर्यादित ब्यवहार रोकन माग गर्दै यातायात मजदुर संघले बारा र पर्सा जिल्लाका सरोकारवाला निकायहरुलाई ज्ञापन पत्र बुझाएका छन् । अखिल नेपाल यातायात मजदुर संघ बाराका अध्यक्ष खड्ग राज तामाङ्गको नेतृत्वमा गएको मजदुरहरुको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बारा, जिल्ला प्रशासन कार्यालय पर्सा, ईलाका प्रशासन कार्यालय सिमरा, परवानीपुर गाउँपालिका, उद्योग बाणिज्य संघ वीरगञ्ज र प्रसौनी गाउँपालिकालाई आफ्नो माग प्रति ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र बुझाएको छ ।

ज्ञापन पत्रमा यातायात श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्नुपर्ने , ई रिक्सा, ई भ्यान, अटो र साना तीन चक्के सवारी साधनको दर्ता पालिकामा नै गर्ने ब्यवस्था मिलाउँनुपर्ने, वीरगञ्ज पथलैया करिडोरमा ट्रक लगायत सवार ।साधनको पार्किङ्गको ब्यवस्था मिलाउनुपर्ने, कबाडी करको दर घटाई एउटा साहयक मार्गमा तिरेपछि अर्को मार्गमा तिर्न नपर्ने ब्यवस्था गर्नुपर्ने ,भारतीय गाडी क्षमता भन्दा बढी बोक्दा कारबाही गर्नुपर्ने, तौल काटा सञ्चालन गनुपर्ने ,सवारी ज्यान मुद्दामा श्रमिक जेल जानुपर्ने ब्यवस्थाको अनत्य गर्नुपर्ने लगायतका मागहरु रहेका छन् ।

# मारवाडी सेवा समितिद्वारा सिरोहिया पक्राउको भर्त्सना

**टुडे समाचारदाता**

जनकपुरधाम । मारवाडी सेवा समिति जनकपुरधामले कान्तिपुर पव्लिकेशनका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले गरेको पक्राउको घोरभर्त्सना गरेको छ ।

समितिका अध्यक्ष निर्मलकुमार चौधरीले बुधबार एक प्रेस विज्ञप्ति जारी गरी सिरोहियालाई पूर्वाग्राही भइ सुनियोजित रुपले राज्यले फसाएको आरोप लगाएका छन् ।

अध्यक्ष सिरोहियालाई प्रहरीले मंगलबार पक्राउ गरी बुधबार धनुषा जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धानकोलागि जिल्ला प्रहरी कार्यालय धनुषामा राखेका छन् ।

त्यहाँ भेट्न गएका अध्यक्ष चौधरी, उद्योग बाणिज्य संघका अध्यक्ष जीतेन्द्र महासेठ, जसपा नेपालका नेता जीतेन्द्र यादव, व्यवसायीहरु नन्दलाल साह, चन्द्रशेखर अग्रवाल, रामबाबु गुप्ता, शंकर साह सहितका टोलीलाई चौधरीले सामाचार लेखेको भरमा गृहमन्त्री रवि लामिछानेले फसाउन खोजेको आरोप लगाएका थिए ।

# सम्वादात्मक कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

सिरहा । राष्ट्रिय मुक्ति क्रान्ति अभियानले सिरहाको लहानमा सम्वादात्मक कार्यक्रम सम्पन्न गरेको छ ।

लहान स्थित मारवाडी सेवा सदनको सभाकक्षमा दोरिका चौधरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा समाजका अगुवा, बुद्धिजीवी, प्राध्यापक, अधिवक्ता, संचारकर्मी, इन्जिनियर, डाक्टर, शिक्षक लगायतका प्रबुद्ध वर्गसँग अन्तरक्रिया गरिएको थियो ।

दसमी लाल चौधरीद्वारा संचालन गरिएको उक्त कार्यक्रममा सिएन थारुले विषय प्रवेश गराएका थिए ।



कार्यक्रममा बुद्धछिरिङ मोक्तानले कि नोट स्पीच दिएका थिए ।

सहभागीले मुक्ति क्रान्तिले उठाएको मुद्दाहरुको बारेमा प्रश्न गरेका थिए ।

सो कार्यक्रममा अभियानी पूर्व मन्त्री तथा संविधानसभा सदस्य राम नरेश राय यादव, केशव झा, कौशल सिंह, राजीव झा, अनिल महासेठ, अनिल सिंह, धनिराम महतो लगायतको उपस्थिति रहेको थियो ।

# मध्य रात सम्म व्यापारीहरु भन्सारमा



**टुडे समाचारदाता**

जनकपुरधाम । भन्सार तिरेको मालसामान प्रहरीले नियन्त्रणमा लिएको भन्दै जनकपुरधामका व्यापारीहरु मध्य रात सम्म भन्सार कर्यालयघेरेकाछन्।स्थानीयकपडा व्यवसायी अनिकेत अग्रवालले भारतबाट राजस्व काटिएको सामान ल्याएको तर सशस्त्र प्रहरीले बलजवर्जस्ती पथलैया पठाउने अडान लिएपछि व्यापारीहरु मध्यरात सम्म भन्सार कार्यालय घेरेको जनकपुरधाम उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनिष रमण साहले जानकारी दिए ।

जनकपुरधाममा भन्सार कार्यालय हुँदा हुँदै सामान पथलैया पठाउने प्रहरीले लिएको अडानले यहाँका व्यापारीहरुको मनोबल खस्काउने प्रयास गरिएको वरिष्ठ उपाध्यक्ष साहले आरोप लगाए । जटही नाकामा भन्सार कार्यालय छ, जनकपुरधाममा समेत कार्यालय छ यहाँ सामानको यकिन गर्नुपर्ने व्यापारीहरुले माग गरे पछि प्रहरी आफ्नो अडानमा कायम थिए ।

> जनकपुरधाममा भन्सार कार्यालय हुँदा हुँदै सामान पथलैया पठाउने प्रहरीले लिएको अडानले यहाँका व्यापारीहरुको मनोबल खस्काउने प्रयास गरिएको वरिष्ठ उपाध्यक्ष साहले आरोप लगाए ।

जनकपुरधाम लगायत मधेश प्रदेशका विभिन्न साना ठूला सहरहरुमा आर्थिक मन्दीका कारण व्यापारीहरु पलायन हुने अवस्थामा हुँदा हुँदै राजस्व तिरेर ल्याएका सामान समेतमा प्रहरीले मनोमानी गर्न थालेपछि व्यापारीहरु आन्दोलन गर्न बाध्य भएको वरिष्ठ उपाध्यक्ष साहको भनाइ थियो । कपडा व्यवसायी अग्रवाल सवै भन्दा बढी राजस्व बुझाउने जनकपुरधामका व्यापारी छन् ।

# ‘लू’ सम्बन्धी प्रतिकार्य योजना तयार

काठमाण्डु । सरकारले गर्मी बढेसँगै द्रुत गतिमा तातो हावाको लहर अर्थात् ‘लू’ सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गरी लागू गरेको छ ।

‘लू’ सम्बन्धी पहिलोपटक प्रतिकार्य योजना निर्माण गरी आजदेखि नै लागू गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिनुभयो । मङ्गलबार प्रतिकार्य योजनाले पूर्णता पाएको हो । प्रतिकार्य योजनामा विपद् भइहालेमा स्थानीय पालिकाबाट तत्काल औषधिसहितको स्वास्थ्यकर्मीको टोली परिचालन हुने गरी एक्सन टिम तयार पार्नेदेखि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेसम्मका विषय समावेश गरिएको उहाँले बताउनुभयो ।

अहिलेसम्म लूका विषयमा खास पूर्वतयारीका काम हुन नसकिरहेका बेला यसपालि प्रतिकार्ययोजना नै तयार पारी लागू गरिएको हो । प्रमुख कार्यकारी अधिकृत पोखरेलका अनुसार



जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह तथा स्वास्थ्य कार्यालयलाई बढी जिम्मेवार हुने गरी कार्ययोजना तयार पारिएको छ ।

उक्त कार्ययोजनामा जिल्लास्तरमा विपद् संवाद सञ्चालन गर्ने, लूबाट बच्ने उपाएका सम्बन्धमा प्रचारप्रसार गर्ने, हेल्थ डेस्क स्थापना गरेर पानी, जीवनजल, सर्वतपानी वितरण गर्ने, प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थालाई तयारीमा राख्ने, भीडभाड नियन्त्रण गर्ने, दिउँसोमा धेरै हिँड्डुल नगर्न सचेत गराउने, कार्यस्थलमा शीतल हुने सुविधा उपलब्ध गराउने, यातायातमा सिट क्षमताअनुसार मात्रै यात्रु राख्न लगाउने, प॰ ।को व्यवस्था मिलाउने, बिहान-बेलुका काम गर्ने वातावरण सिर्जना गर्नेलगायत रहेका छन् ।

यस्तै, प्रतिकार्य योजनामा लूसम्बन्धी जल तथा मौसम विज्ञान विभागबाट जारी सूचना पालिकातहसम्म पुर्याउने रहेको छ । प्रमुख कार्यकारी अधिकृत पोखरेलका अनुसार प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख सहसचिव भरतमणि पाण्डेको नेतृत्वको टोलीले उक्त प्रतिकार्ययोजना तयार गरेको हो । यही योजनाअनुसार हरेक जिल्लामा कार्य गर्ने गरी मन्त्रालयले आवश्यक निर्देशन दिएको उहाँले बताउनुभयो ।

अहिलेसम्म नेपालमा तातो हावाको लहर र यसबाट बच्ने उपायका विषयमा ठोस कदम चालिएको छैन । रेडक्रसले नेपालगञ्जमा केही कार्यक्रम सुरु गरेको भए पनि सरकारी तहबाट काम हुन नसकिरहेका बेला अब भने व्यवस्थितरुपमा कार्य गर्ने गरी कार्य योजना निर्माण गरेर काम अघि बढाइएको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कूम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-८ बजराही गाउँमा रहेको बगैँचामा लटरम्म फलेको आँप। तस्बिर : रासस

# श्रीराम चिनी मिलको समस्या समाधान गर्न कार्यदल

काठमाण्डु। बन्द अवस्थामा रहेको रौतहटस्थित श्रीराम चिनी मिल सञ्चालनका विषयमा देखिएका समस्या समाधानका लागि बुधबार महिला तथा सामाजिक मामिलाका सभापतिसमेत रहनुभएका सांसद किरण साहको नेतृत्वमा कार्यदल गठन गरिएको छ।



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको कार्यकक्षमा भएको त्रिपक्षीय छलफलपछि पाँच सदस्यीय कार्यदल गठन गरिएको हो। कार्यदलमा चिनी मिलका तर्फबाट हितेश गोल्छा र विशाल अग्रवाल, किसान सङ्घर्ष समितिका अध्यक्ष अशोककुमार यादव तथा मन्त्रालयको औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुख रहनुभएको छ।

मन्त्री भण्डारीले बजेट अगाडि सञ्चालनका विषयमा देखिएका समस्या समाधानका लागि ठोस योजना ल्याउन आग्रह गर्नुभयो। उहाँले उद्योगलाई अन्यत्र सार्नुभन्दा सोही स्थानमा सञ्चालन गर्न सुझाव दिनुभयो।एक हप्ताभित्र सो उद्योगका समस्याको टुङ्गो लगाउनुपर्नेमा जोड दिँदै मन्त्री भण्डारीले सञ्चालन गर्ने गरी प्रक्रिया अगाडि बढाउन सरोकारवालासित आग्रह गर्नुभयो। "बन्द उद्योग सञ्चालन गर्ने सरकारको उदेश्य छ, हामी यो चिनी मिललाई बन्द गर्न वा सार्न भन्दैनौँ, बरु सञ्चालनका लागि के गर्न सकिन्छ त्यसमा मन्त्रालयबाट आवश्यक सहयोग रहन्छ", उहाँले भन्नुभयो।

> "बन्द उद्योग सञ्चालन गर्ने सरकारको उदेश्य छ, हामी यो चिनी मिललाई बन्द गर्न वा सार्न भन्दैनौँ, बरु सञ्चालनका लागि के गर्न सकिन्छ त्यसमा मन्त्रालयबाट आवश्यक सहयोग रहन्छ।"

मिल सञ्चालनका लागि गर्नुपर्ने सहयोगका लागि आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले यस विषयमा प्रधानमन्त्री र अर्थमन्त्रीसँग आवश्यक सहजीकरणका लागि पहल गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "ठाउँ सारेर कुनै फाइदा हुँदैन, बरु त्यही ठाउँमा सञ्चालनको वातावरण बनाउन म तयार छु, प्रधानमन्त्री र अर्थमन्त्रीसँग यस विषयमा कुरा गर्नुपरे सरोकारवालासहित म पनि छलफलका लागि जाउँला।"

छलफलमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खान, सांसद विनादेवी साह, संविधानसभा सदस्य रामकुमार भट्टराई, कल्याणी खड्कालगायतले बन्द उद्योग सञ्चालन गर्नका लागि मन्त्री भण्डारीलाई मन्त्रालयका तर्फबाट आवश्यक पहलकदमीका लागि आग्रह गर्नुभयो।उहाँहरुले उक्त उद्योग अन्यत्र सारिए रौतहटका किसानले चर्को आन्दोलन गर्ने चेतावनी दिइसकेकाले अहिले रहेकै ठाउँमा सञ्चालनको वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँहरुले मिल अन्यत्र सारेर लग्न नदिइने पनि बताउनुभयो। सभापति खानले सोही स्थानमा उद्योग सञ्चालनका लागि स्थानीय किसानबाट हुने सबै किसिमको सहयोग जुटाउने प्रतिबद्धता जनाउनुभयो। उद्योग बन्द हुँदा धेरैको रोजगारी गुमेको र त्यही स्थानमा सञ्चालन हुँदा स्थानीय जनताले थुप्रै अवसर पाउने उहाँहरुको भनाइ छ।छलफलमा उद्योग सचिव कृष्ण राउत, वाणिज्य सचिव दिनेशकुमार घिमिरे, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत(सिइओ)लगायत स्थानीय सरोकारवाला र उद्योगका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो।

विसं २०४९ सालमा स्थापित सो उद्योग २०७७ सालदेखि बन्द अवस्थामा रहेको छ। झण्डै ७४ बिघा क्षेत्रफलमा रहेको सो उद्योगको नेपाल बैंक लिमिटेडले लिलामी सूचना निकालेर रानाकुमार अग्रवालले साकार गर्नुभएको छ। जग्गाको भने लिलाम गरिएको छैन। अग्रवालले मिल अन्यत्र जिल्ला सार्न खोजेपछि स्थानीय किसान सङ्घर्ष समिति बनाएरै आन्दोलन गर्दै आएका छन्।

किसानले सोही ठाउँमा मिल सञ्चालन गर्न दबाब दिँदै आएका छन्। मिल सञ्चालनका विषयमा विभिन्न चरणमा छलफल तथा वार्ता गरिए पनि सार्थक हुन सकेको छैन।रासस

# संघर्ष समितिद्वारा सत्याग्रह स्थगित

**टुडे समाचारदाता**

काठमाण्डु। पाँच बुँदे सहमतिपछि राष्ट्रिय संयुक्त सङ्घर्ष समितिले सत्याग्रहका कार्यक्रम फिर्ता लिएको छ।




वैशाख २४ गतेदेखि सङ्घर्ष समितिका नौजना प्रतिनिधिले सरकारसमक्ष विभिन्न १८ बुँदे माग राख्दै कलङ्की चोकमा अनसन बसेका थिए। सरकारका तर्फबाट गठित वार्ता टोलीका संयोजक डा किरण रुपाखेती, राष्ट्रिय संयुक्त सङ्घर्ष समितिका तर्फबाट संयोजक डा लक्ष्मीप्रसाद खतिवडा र आमरण अनसनकारीका तर्फबाट चन्द्रबहादुर थापा (सागर) बीच सत्याग्रह अन्त्य गर्ने सहमति भएको हो।

"समितिले राखेका मागहरू उद्योग व्यवसाय, जनजीविका, सुशासन, धार्मिक सांस्कृतिक र शासकीय प्रणाली रुपान्तरणसँग सम्बन्धित रहेको र विद्यमान कानुनी प्रबन्धबाट तत्काल समाधान गर्न सकिने विषयहरू तत्काल सम्बोधन गरिनेछ", सम्झौतामा भनिएको छ।

उक्त सहमतिपछि जारी विज्ञप्तिअनुसार संयुक्त सङ्घर्ष समितिका तर्फबाट राखिएका अधिकांश मागहरू नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गरिसकिएको छ। त्यस्तै, समितिका मागहरुलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा समाधान गर्ने गरी कार्ययोजना बनाउन सरकार तथा समितिको तर्फबाट समेत सहभागी रहने गरी कार्यदल गठन गर्ने सहमति भएको छ।

अधिकार सम्पन्न कार्यदलमा सरकारका तर्फबाट पाँच र सङ्घर्ष समितिका तर्फबाट पाँच गरी १० जना रहने छन्। कार्यदलले ९० दिनभित्र माग कार्यान्वयनका लागि समय तालिकासहितको कार्ययोजना तयार गर्ने र वार्ता समितिमार्फत सरकारमा पेस गर्नेछ। त्यस्तै, कार्यदलले राजनीतिक, धार्मिक, सांस्कृतिक तथा दीर्घकालीन रुपमा राष्ट्रिय राजनीतिक सहमति आवश्यक पर्ने विषयहरू यकिन गरी नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ। समितिले राखेका केही माग सरकारले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको र त्यसलाई आगामी आर्थिक वर्षको बजेटमा पनि समावेश गर्ने प्रतिबद्धता सरकार पक्षले जनाएको छ।

त्यस्तै, राष्ट्रिय संयुक्त सङ्घर्ष समितिका तर्फबाट कलङ्कीमा आमरण अनशनमा रहनुभएका आन्दोलनकर्मीले आजैका मितिबाट अनशनलगायतका कार्यक्रम स्थगन गर्ने सहमति भएको छ।

# 'हिमाली पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनका कारण संवेदनशील छन्'

काठमाण्डु। जलवायु विषयका जानकारहरुले हिमाली पारिस्थितिकीय प्रणाली हालैका वर्षहरुमा जलवायु परिवर्तनका प्रभावप्रति विशेषरूपमा संवेदनशील रहेको उल्लेख गर्नुभएको छ।


बुधबारदेखि यहाँ सुरु भएको 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'को पहिलो सत्रका वक्ताहरुले अन्य स्थलीय बासस्थानभन्दा हिमालमा छिटो दरमा जलवायुका कारण प्रभावित भइरहेका तथ्य पेस गर्नुभयो। उक्त सत्रमा बङ्गलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री सबर हुसैन चौधरी, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहाका लागि सहायक निकाय (साब्टा)का अध्यक्ष ह्यारी भिरेउ, किर्गिस्थानका पर्वतीय मुद्दाहरूमा राष्ट्रपतिका पूर्वविशेष दूत नुर्लान आइटमुजाइभ र नेपालका लागि अष्ट्रेलियन राजदूत फेलिसिटी भोल्कले आ-आफ्ना धारणा राख्नुभएको थियो।

यसैगरी यस सत्रमा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ मुख्य वक्ताका रुपमा हुनुहुन्थ्यो भने यस सत्रको सञ्चालन जलवायुविज्ञ मन्जित ढकालले गर्नुभएको थियो। विश्वको ४० प्रतिशत जनसंख्या अप्रत्यक्ष रूपमा पिउने पानी, कृषि, जैविक विविधता र जलविद्युत्का लागि हिमाली स्रोतहरूमा निर्भर छ, जुन विश्व तापमानमा वृद्धिका कारण गुम्न सक्छ।

हिमपहिरो र पहिरोजस्ता चरम घटनाहरू सामान्य हुँदै गएकाले जलवायु परिवर्तनले खतराहरूको जोखिम बढाउने सम्भावना पनि छ। नीति निर्माता, वैज्ञानिक, व्यवसायी र नागरिक समाजका संस्थाहरूलाई एकसाथ ल्याएर हिमालमा जलवायु परिवर्तनसम्बन्धी विज्ञान र प्रमाणसम्बन्धी सूचना र ज्ञानको आदानप्रदानलाई प्रवर्द्धन गर्न यो सत्रको आयोजना गरिएको हो।रासस

# सङ्घद्वारा ट्राफिक प्रहरीलाई 'सन ग्लास' हस्तान्तरण

काठमाण्डु। नेपाल नेत्रज्योति सङ्घले अमेरिकास्थित ह्यालिपङ ह्यान्ड हेल्थ एजुकेसन सस्थाको आर्थिक सहयोगमा काठमाडौँ उपत्यकामा कार्यरत ट्राफिक प्रहरीका लागि चस्मा (सन ग्लास) हस्तान्तरण गरेको छ। कार्यक्षेत्रमा खटिने ट्राफिक प्रहरीलाई धुवाँ, धुलो तथा घामको समस्याबाट जोगाउन सङ्घले उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई दुई हजार चस्मा हस्तान्तरण गरेको हो।




बुधबार आयोजित कार्यक्रममा सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्त र ह्यालिपङ ह्यान्ड हेल्थ एजुकेसनका अध्यक्ष नारायण श्रेष्ठले संयुक्तरुपमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) पोषराज पोखरेललाई ती चस्मा हस्तान्तरण गर्नुभएको हो। सो अवसरमा सङ्घका अध्यक्ष पन्तले बढी समय धुवाँ, धुलो र प्रत्यक्ष प्रकाशका किरणमा सेवा गर्नुपर्ने ट्राफिक प्रहरीका आँखामा समस्या आउन नदिन चस्माले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले सडक दुर्घटना न्यूनीकरणका लागि पनि सवारी चालकको नियमित आँखा परीक्षण गरिनुपर्ने र यसकार्यमा सङ्घलाई ट्राफिक प्रहरीको सहयोग र सहकार्य आवश्यक रहेको औँल्याउनुभयो।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोखरेलले ट्राफिक प्रहरीको समस्या बुझी उपत्यकामा कार्यरत सबै ट्राफिक प्रहरीका लागि चस्मा हस्तान्तरण गरेकामा सङ्घ र ह्यालिपङ ह्यान्डलाई धन्यवादसमेत व्यक्त गर्नुभयो। ह्यालिपङ ह्यान्ड हेल्थ एजुकेसनका अध्यक्ष श्रेष्ठले दुर्घटना न्यूनीकरण, सवारी व्यवस्थापन र सुरक्षामा निरन्तर सेवा प्रवाह गर्नुहुने ट्राफिक प्रहरीहरुको आँखाको सुरक्षाका लागि आफ्नोतर्फबाट केही सहयोग गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो। उहाँले यसप्रकारका सहयोग भविष्यमा पनि निरन्तर रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

सङ्घका सचिव वरिष्ठ अधिवक्ता हरिप्रसाद शर्मा, सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्र, ह्यालिपङ ह्यान्डका देशीय निर्देशक पशुराम दाहाल र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको विभिन्न तहमा कार्यरत प्रहरी अधिकृतको समेत उपस्थिति रहेको थियो। सङ्घका कार्यकारी निर्देशक डा मिश्रले सङ्घअन्तर्गतका आँखा अस्पतालले देशैभरि विभिन्न शिविरमार्फत वार्षिक हजारौँ आँखाका बिरामीको निःशुल्क उपचार गरिरहेको जानकारी दिनुभयो। सङ्घअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, एक सय ५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखा सञ्चालनमा छन्।

स्थापनादेखि हालसम्म सङ्घले नेपाली नागरिक तथा अन्य देशका गरी कूल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीलाई उपचार गरिसकेको छ। ५१ लाख ३३ हजार छ सय ५९ जनाको आँखाको शल्यक्रिया गरिसकेको छ।रासस

# कानुनविपरीत ऋण लगानी गर्ने सहकारीबाट रकम फिर्ता गराउन माग



काठमाण्डु। आफ्ना सदस्यबीच मात्र ऋण लगानी गर्न मिल्ने कानुनी व्यवस्थाविपरीत गोरखा मिडिया नेटवर्क प्रालिमा सर्वसाधारणले जम्मा गरेको सहकारीको रकमको ठूलो हिस्सा अपचलन भएको उल्लेख गर्दै नेपाली कांग्रेसले उक्त रकम तत्काल फिर्ता गराउन माग गरेको छ।

पार्टी केन्द्रीय सहकारी विभागले बुधबार जारी गरेको वक्तव्यमा सुप्रिम सहकारी बुटवल, सूर्यदर्शन सहकारी पोखरा, स्वर्णलक्ष्मी सहकारी काठमाडौँ र साहरा सहकारी चितवनबाट रु ९५ करोड ८१ लाख गोरखा मिडिया नेटवर्क प्रालिमा लगानी भएको प्रमाणसहित तथ्य सार्वजनिक भएको दाबी गर्दै उक्त रकम तत्काल फिर्ता गर्न आग्रह गरेको हो। विभाग प्रमुख देवेन्द्रराज कँडेलद्वारा जारी विज्ञप्तिमा सहकारी ऐन २०७४ एवं नियमावली २०७५ विपरीत सहकारीको रकम अपचलन भएको उल्लेख छ।

कँडेलले सहकारी संस्थामा प्राकृतिक व्यक्तिमात्र सदस्य हुन पाउने र वित्तीय कारोबार गर्ने सहकारी संस्थाले सदस्यबीच ऋण लगानी गर्न मिल्ने कानुनी व्यवस्थाविपरीत गोरखा नेटवर्क प्रालिमा पैसा गएको बताउनुभयो। बचत अपचलन गर्ने सहकारी सञ्चालक र कार्यकारी प्रमुख साथै गोरखा मिडिया नेटवर्क प्रालिका सञ्चालक एवं कार्यकारी प्रमुखलाई कानुनबमोजिम तत्काल कारबाही गरी सहकारी ऐनको दफा १२४ बमोजिम दण्ड, जरिवाना र सजाय हुनुपर्नेमा कांग्रेसको माग छ। सरकारले जनतामा कानुनी राज्यको अनुभूति दिलाउन पनि कानुनविपरीत काम गर्नेलाई कारबाही गरिनुपर्नेमा विज्ञप्तिमा जोड दिइएको हो।

न्यून आय भएका गरिब, किसान, पिछडिएका वर्गको आर्थिक सामाजिक उन्नतिमा महत्वपूर्ण योगदान गर्दै आएको सहकारी क्षेत्रलाई यस्ता अराजक गतिविधिले बदनाम गरिरहेकाले यसमा संलग्न हुने जोसुकै व्यक्ति, कम्पनीलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्न र सर्वसाधारण जनताको बचत सुरक्षा गर्न पनि कांग्रेसले सरकारसँग माग गरेको छ। देशको समग्र विकासका लागि सहकारी आन्दोलनको अपरिहार्यता बोध गरी नियमित र सुशासित सहकारी आन्दोलन अघि बढाउन आवश्यक नीति, ऐनको संशोधन हुनुपर्नेमा पनि कांग्रेसले सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ।रासस

# बेइजिङ कार्य मञ्च प्रतिवेदनबारे विज्ञ समूहसँग छलफल

काठमाण्डु। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बेइजिङ कार्य मञ्च (बिपिएफए) 'बेइजिङ प्लस रिभ्यू'को तयारी प्रतिवेदनमाथि विज्ञ समूहसँग छलफल गरेको छ।


मन्त्रालयले बुधबार एक कार्यक्रम आयोजना गरी उक्त तयारी प्रतिवेदनमाथि छलफल गरेको हो। त्यस अवसरमा विज्ञ कपिल अर्यालले प्रतिवेदनबारे प्रस्तुतीकरण दिँदै सार्वजनिक सेवामा महिलाको उपस्थिति २८ प्रतिशत पुगेको भन्दै न्यायाधीश हुने महिलाहरूको संख्या ११ प्रतिशत पुगेको बताउनुभयो। हरेक क्षेत्रमा महिलाको उपस्थिति वृद्धि हुँदै गएको भन्दै उहाँले केही क्षेत्रमा भने अहिले पनि न्यून रहेको बताउनुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले बालविवाहको समस्या अहिले पनि रहेको उल्लेख गर्दै यसको खास समस्या कहाँ छ भनेर पहिचान गर्न आवश्यक रहेको बताउनुभयो।

प्रेम विवाह गरिसकेपछि जात, आर्थिक अवस्थालगायतका कुरा नमिल्दा पनि बालविवाहको मुद्दा पर्ने गरेको उहाँको भनाइ थियो।बालिकाहरूलाई महिनावारीको समयमा विशेष ख्याल गर्नुपर्ने अवस्था रहेको भन्दै उहाँले अपाङ्गता भएका महिलाहरू बढी जोखिममा पर्ने गरेकाले ती महिलाहरूको सुरक्षाका निम्ति विशेष जोड दिनुपर्ने आवश्यकताता औँल्याउनुभयो।

प्रतिवेदनमा धेरै कुरा आए पनि प्राप्त सुझावहरू समेटेर प्रतिवेदनलाई थप परिमार्जन गर्न निर्देशन दिँदै मन्त्री चौधरीले राम्रा विषयसँगै कुन क्षेत्रमा बढी समस्या छ भनेर उल्लेख गर्नसमेत निर्देशन दिनुभयो। सचिव दिनेश भट्टराईले महिला मन्त्रालयको संरचना प्रदेश तथा पालिका तहमा नहुँदा महिलाका समस्याहरू सुनाउने ठाउँ नभएको बताउनुभयो। महिलासम्बन्धी धेरै विषय उठेको भन्दै कसरी प्रतिवेदनलाई राम्रो बनाउन सकिन्छ भन्ने ती कुरालाई ध्यान दिन आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागी विज्ञले प्रतिवेदनमा सङ्घीय सरकारले गरेका कामका विषयहरू धेरै आए पनि प्रदेश र स्थानीय सरकारले गरेका कामहरू पनि समेट्न सुझाव दिनुभएको थियो। अपाङ्गता भएका, दलितलगायत जातीय रूपमा उत्पीडित समुदायको अवस्था पनि प्रतिवेदनले समेट्नुपर्ने भन्दै विज्ञहरूले लैङ्गिकता पहिचान गरी भ्रूण हत्या बढ्दै गइरहेको उल्लेख गर्नुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# आकाश बाट झरेको शिवलिंगको दर्शन गर्न चाहनु हुन्छ ?

# आउनोस- अन्हारीमठमा स्वागत छ !

## सम्पादकीय

## सिरोहियालाई रिहा गर

नेपालको अग्रणी सञ्चार संस्था कान्तिपुर मिडिया ग्रुप प्रा.लि.का अध्यक्ष कैलाश सिरोहियालाई सहकारी ठगीका आरोपी, दुईवटा राहदानी र नागरिकता लिएको अभियोगमा मुद्दा विचाराधिन रहेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले पक्राउ गर्न सम्पूर्ण राज्यशक्तिको चरम दुरुपयोग गरेका छन् ।झण्डै अर्ब बढी रकम सहकारीको अपचलन गरेको समाचार कान्तिपुर पब्लिकेशन्सले नियमित रुपमा प्रकाशनगर्दै आएको छ ।गृहमन्त्री लामिछानेले संसद र जनतालाई भ्रममा पार्ने काम गरिरहेका बेला कान्तिपुरले उनको कर्तुत सार्वजनिक गर्न रोकेन् ।कान्तिपुरमा समाचार प्रकाशन गरिएकै कारण अध्यक्ष सिरोहियालाई नागरिकताको झुठा मुद्दामा पक्राउ गरिएको हो ।गृहमन्त्री लामिछानेले राज्यसत्ताको सिरोहिया बिरुद्ध दुरुपयोगगर्दा सत्ता जोगाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उनलाई साथ दिएका छन् ।कैलाश सिरोहियाका पिता घासीराम सिरोहिया २००९ सालमा स्थापित जनकपुर उद्योग वाणिज्य संघका संस्थापक महासचिव थिए ।झण्डै सय वर्षदेखिको बासिन्दाका सन्तान गैरकानुनी रुपमा नेपाली नागरिकता लिनुपर्ने कुनै कारण नै छैन् ।सिरोहियाले २०३४ सालमा नागरिकताको प्रमाण पत्र लिएका हुन् ।त्यसको २ वर्ष पछी शिवजी साहु तेलीले २०३६ सालमा नागरिकताको प्रमाण पत्र लिएका हुन् ।कैलाश र शिवजीको नागरिकता नम्बर एउटै छ ।त्यसो हुनुमा कैलाश सिरोहिया कसरी दोषी भए ?नागरिकता जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालय धनुषा हो ।जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको नागरिकताको एउटै नम्बर २ जनासित हुनुमा व्यक्ति दोषी कसरी भए ?२ वर्ष पछि नागरिकता लिने शिवजीलाई २ वर्ष पूर्व नै जारी भइसकेको नागरिकता नम्बर कसले उपलब्ध गराए ?त्यसमा कैलाश सिरोहियाको संलग्नता कहाँबाट देखियो ।गृहमन्त्रीले सर्वसधारणको झण्डै एक अर्ब रकम अपचलन गर्ने मध्येका प्रमुख हुन् ।उनी प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया प्रा.लि.को नाममा बिभिन्न सहकारीहरुको झण्डै १ अर्ब रुपैया अपचलन गरेका हुन् ।पीडितहरु सडकमा छन् ।तर उनी राज्यसत्ताको दुरुपयोगगर्दै आफू निर्दोष भएको सावित गर्ने झूठा र भ्रमपूर्ण कार्यहरु गरिरहेका छन् ।राज्यले पीडितहरुको रकम भराउनु पर्ने हो ।तर सत्यतथ्य जनसमक्ष ल्याउने सञ्चार गृहका अध्यक्षलाई नै झूठा अभियोगमा पक्राउ गरिन्छ ।कान्तिपुर मिडिया ग्रुप लिमिटेडका अध्यक्ष सिरोहिया उपर लगाइएको झुठा मुद्दालाई सरकारले तत्काल फिर्ता लिनुपर्छ ।सञ्चार क्षेत्रमाथि सरकारले गर्न खोजेको दमनलाइ तत्काल बन्द गर्नुपर्छ ।सिरोहियालाई ससम्मान रिहा गर्नुपर्छ ।



राम भरोस कापडि 'भ्रमर'

आस्थाका विभिन्न रुप हुन्छन् । बालपन देखि बुढयौली सम्म आफूले जानेका, मानेका व्यक्तित्व, अध्यात्मिक ज्ञान प्रदान गर्ने साधु सन्त र सम्पूर्ण संसारमा नै भक्तिधाराका आदिश्रोत हाम्रा देवी-देवताहरु छन् ।

नेपाल-भारतका विभिन्न धार्मिक स्थलहरुमा त्यही आस्था प्रतिको समर्पणकै लागि पनि हामी निरन्तर सुविधा अनुसार भौतारी रहेका हुन्छौं । विश्वास छ- प्रभु, कृपा अवश्य पनि गर्नेछन् र त्यही आशा र विश्वासको कारण आफ्ना जीवनका अनेकौं आरोह-अवरोह पार गर्दै गन्तव्यमा फेरि फर्कन्छौं ।

यो आस्थाको सम्बन्ध स्थल विशेषको पौराणिक र समाजमा व्यापत त्यस वारेका धारणाहरु बाट प्रभावित हुने गर्दछ । हामीलाई थाहा हुनु पर्दछ हाम्रा अराध्य देवहरु कहां, कुन रुपमा विराजमान छन् । मंगलकामनाको निमित्त हामी त्यहां पुग्न चाहन्छौं र पुगिन्छ पनि ।



जनकपुरधाम त्यसै पनि मातासीता र पुरुषोत्तम श्री रामका बीच सम्पन्न विवाहको पवित्र थलो हो । माता सीताको जन्म ठाउँ । यहां नेपाल-भारतका पर्यटकहरु, धार्मिक आस्थाका दर्शनार्थीहरु दिनहुँ भीड लगाई रहेका हुन्छ्न् । यो हाम्रो शौभाग्य हो ।



आस्थाकै कुरा गर्दा एउटा यस्तो धार्मिक थलो पनि हाम्रो नजिक मै रहनेछन्, जसको वारेमा हामीलाई जानकारीको अभाव छ । हो, एउटा मंदिर जहां शिवलिंगको स्थापना भएको छ र त्यो पनि आकाशबाट झरेका, भनिन्छ । यसको उत्पत्ति आकाशबाट भएको छ जो निकै नै दुर्लभ मानिएको छ ।

जनश्रुति छ-एक समय दिनमै अन्ध्यारो छायो । मेघ गर्जन हुन थाल्यो । चारैतिर भयावह वातावरण थियो । कतै बाट आकाशवाणी भयो-आकाशबाट शिवलिंग झरेको छ तर दुइ टुकड़ामा भांचिएको छ । त्यसलाई खोज र एक ठाउँमा राखेर पूजा गर ....। दुबै टुकडालाई ल्याएर एक ठाउँमा टांसिएर राख्दा त्यो पूर्ण शिवलिंग भएर जोडियो भन्ने विश्वास छ ।

आज त्यो ठाउँ अन्हारी नामले चिनिन्छ भने यहां स्थापित भएको शिवलिंग लाई 'अदभूत नाथ महादेव' को रुपमा पूजा गरिन्छ ।

जिज्ञाशा त पक्कै बढेको होला ! हो पनि । यो स्थान भारतको सीतामढी देखि १२ कि.मी. दक्षिण-पश्चिममा अवस्थित अन्हारी गाउँमा रहेको छ ।

यहाँ अघोर पंथीहरुको देखरेखमा यो मंदिर थिए भने अचेल ग्रामीणहरु नै यसको व्यवस्थापन गरि रहेका छन् ।

मन्दिर परिसरमा नया मनाइएको माता दुर्गाको भव्य मन्दिर सहित अन्य मन्दिर पनि छन् । भनिन्छ-कुष्ठ, असाध्य रोगका साथ-साथै निः सन्तानहरुको दुख पनि यहां पूजा-अर्चना गरे पछि ठीक हुन्छ। यहां श्रावणमा त श्रद्धालुहरुको भव्य उपस्थिति हुन्छ नै अन्य अवसर शीवरात्री र वसन्त पञ्चमीमा पनि श्रद्धालुहरु प्रशस्त मात्रामा पूजा-अर्चना गर्न आउने गर्दछन् । बिशाल मेलाको स्वतः आयोजन हुन पुग्दछ ।

अब यस मन्दिरको इतिहास बारेमा केहि लेख्नु पर्ने भयो । यसको प्राचीनता बारेमा कतै कुनै शिलालेख , ताम्रपत्र आदि देखिएन । मन्दिरको पर्खालमा सम्भवतः जिर्णोद्वार गर्ने ले एउटा जानकारी मूलक पक्की पोस्टर टांसेका छन् । त्यसमा यसको स्थापनाकाल सन् १२८८ भनिएको छ ।

तर वास्तवमा यस मन्दिरको बारेमा एक जना अंग्रेज अफसर, मेजर जनरल ,ए. कनिघम (डाइरेक्टर जनरल, आर्कोलोजिकल सर्भे अफ इंडिया)ले आफ्नो नियमित भ्रमण प्रतिवेदन 'complimentary report of tours in north and south Bihar in 1880–81 मा उल्लेख गरेका छन् । उनी गनिएका पुरातत्वविद् भएको हुनाले पनि आफ्नो अध्ययन, अनुसन्धानको क्रममा अन्हारी गाउँ पुग्दा प्राचीन शिवलिंग देखेर पक्कै पनि प्रभावित भएर त्यसको जानकारी प्रतिवेदनमा सामेल गरेका होलान । त्यतीकै हैन उनी आफ्नो प्रतिवेदनमा शिवलिंग ( जसलाई उनी कतयलभ भनेकाछन) को नाप पनि लेखेका छन् । बरु उनी यती सम्म लेख्न भ्याए - While I was at Andhari, the meteorite was visited by several hundreds of these pilgrims, and I found on enquiry that some of them came from very remote districts, where the fame of this stone had reached…[p=98]

अर्थात निकै टाढा-टाढा बाट सैयौं तीर्थयात्रीहरु त्यो उल्कापीण्ड हेर्न आएका थिए । यसले उसको प्रसिद्धी लाई देखाउंछ र प्राचीनता पनि । यो पंक्तिकार पनि त्यसै प्रतिवेदनलाई पढेर यस वारेमा जानकारी प्राप्त गरी अन्हारी गाँउ पुगेर अदभूतनाथ महादेव' को दर्शन गर्ने शौभाग्य प्राप्त गरेका छन् ।

त्यस रीपोर्टको VOLUME–XVLको पृष्ट संख्या ९८-९९ मा अन्हारी मठमा अवस्थित शिवलिंग बारेमा विस्तृत जानकारी दिइएको छ । त्यती बेला पनि "Large gatherings of natives" भनेर गाँउलेहरुको वृहत-उपस्थिति तिर संकेत गरेको छ । अर्थात १८८०-८१ ई.मा पनि यो निकै प्रसिद्ध भै सकेको थियो । यसले यस मन्दिरको र यसमा स्थापित शिवलिंगको प्राचीनता देखाउंछ ।

अध्यक्षः मधेश प्रज्ञा-प्रतिष्ठान,मधेश प्रदेश,जनकपुरधाम

# टिकटक बनाउन जाने होइन पोखरा एयरपोर्ट ?



अनिल तिवारी

टिकटकमा सक्रिय हुनुहुन्छ भने पोखरा र भैरहवा इन्टरनेशनल एयरपोर्ट अगाडि नाँचेर रमाइलो गरेको देख्नु भएकै होला।स्थानिय जनता होउन वा संचारकर्मि नेता देखि मुलुकका मन्त्रि तथा प्रधानमन्त्रि समेत पोखरा इन्टनेशनल एयरपोर्टमा आए-गए त्यो पनि उदघाटन गर्न लगायतका कार्यक्रमहरुमा मात्र । तर त्यहाँबाट कति विमान उड्छन् ? कति विमान उत्रिन्छन् ? अर्बौ लगानी भएका ती इन्टरनेशनल एयरपोर्टहरू टिकटक खिच्न बनाइएको त पक्कै होइन। चीनको आर्थिक र सैनिक स्वार्थ पूर्ति नबुझ्ने र भारतीय सुरक्षा चासोमा ध्यान नदिने हो भने के यी विमानस्थल चल्ला त ? यी प्रश्नको उत्तर नखोज्दै सरकारका मन्त्रि तथा नेताहरु निजगढमा जंगल फाडेर नयाँ विमानस्थल बनाउने भनेर उफ्रँदै हिडने गरेका छन ।

कति हतारो हो। यही चटारो देखाउनु भयो कामरेड प्रचण्डले। प्रधानमन्त्री भएको एक हप्ता नबित्दै कामरेड प्रचण्डले पोखरा इन्टरनेशनल एयरपोर्टको उद्‌घाटन गर्नुभयो । नयाँबर्ष २०२३ लाई स्वागत गर्दै १ तारिखमै उहाँले पोखरा इन्टरनेशनल एयरपोर्टको उदघाटन गर्दै चीनसँगको मित्रतालाई अझ प्रगाढ बनाउने रंगमन्चनको प्रयास गरेको सहजै बुझिन्छाकिनकि पोखरा एयरपोर्ट टिकटक बनाउने बाहेक हवाइजहाजमा यात्री आउ-जाने, कहा हो कहा ?तर ऋणभार तिब्रगतिमा बढदै छ ।

प्रधानमन्त्रीको कुर्सिमा पुग्न चीनले गरेको सहयोगमा सम्भव भएको कामरेड ओलीसँगको लगनगाँठोका लागि धन्यवाद दिन खोज्नु भएको होला कामरेड प्रचण्डले। उद्घाटनसँगै चीनले पनि प्रचण्ड सरकारसँगको राम्रो सहकार्य हुनसक्ने भन्दै भैरहवा र पोखरा इन्टरनेशनल एयरपोर्ट बिआरआई परियोजना अन्तरगत निर्माण गरिएको दाबी ठोकिदियो।

अजिबको छटपटी हुने गरेको छ, हाम्रा प्रधानमन्त्रीमा। हो सधै हडबडीमा हुनुहुन्छ कामरेड प्रचण्ड। पुन चिनको आर्शिवादमा ओलीसंग सरकार मात्र बनाउनु भएन ,भुकम्पको झट्का पर्नथालेको सरकारलाई बचाउन आफ्नै सहकर्मि दललाई फुटाउनु पनि भयो । त्यति मात्र होइन, पार्टि अध्यक्ष उपेन्द्र यादव अमेरिक गएको वेला जसपालाई फुटाउन चिनिया दुतावासले पैसाको खोलो नै बगायो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई अप्रिल २०२२ मा चीनका विदेश मन्त्री वाङ्ग यीले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई हस्तान्तरण गर्नुभएको हो। अप्रिल पछि धेरै महिनासम्म प्रधानमन्त्री रहनु भएका शेरबहादुर देउवाले किन उद्धाटन नगरेका होलान ?उत्तरी सहयोगमा प्रधानमन्त्रि बन्नु भएको प्रचन्डले मुलुकको आवश्य हित बुझ्नै खोज्नु भएन कामरेड प्रचण्डले।

### पोखरा र भैरहवाको कथा

५३३ हेक्टर जग्गामा बनेको भैरहवा विमानस्थलले वार्षिक ३० लाख यात्रुलाई सेवा दिन सक्छ।त्यसैगरी पोखरा एयरपोर्टले पनि वार्षिक १० लाखसम्म यात्रुलाई सेवा दिन सक्छ। तर यी दुबै ठाउँमा औसत सिट क्षमता १५० भएका जहाजहरू मात्र आउन सकने परिस्थिति रहेको प्राविधिकहरूले देखाइरहेका छन्। पोखरा उपत्यका काठमाडौं भन्दा सानो छ। वरिपरिका डाँडाकाँडा र विशेषगरी पश्चिम पट्टिका पहाडहरूले गर्दा ठूला जहाजलाई पोखरामा उत्रित गाह्रो हुन्छ। पोखरा विमानस्थलको अर्को समस्या भनेको यसमा जहाज तल उतार्न 'मिनिमम डिसेन्ट हाइट' काठमाडौँको भन्दा धेरै तोकिएको छ। यी सबै कारणले गर्दा चीनको लगानीमा निर्माण भएको विमानस्थल कतिको सफल हुन्छ? चीनद्वारा गरिएको लगानी असुल हुने आश मर्दै गएको छ ।तर पनि सरकारमा बसेका नेताहरुको घैटोमा घाम लगन सकेको छैन ,किन होला ?

भैरहवा विमानस्थल तुलनात्मक रूपमा पोखराको भन्दा ठूलो र सजिलो छ। तर यसमा पनि ठूला जहाजहरू सजिलै अवतरण गर्न भारतीय एयर-स्पेस (आकाश) प्रयोग गर्नु पर्ने बाध्यता छ। अहिले भारतले हामीलाई आफ्नो एयर-स्पेस प्रयोग गर्न दिएको छैन। मांगन कच्छुवा गतिमा हार गुहार गरिदै छ ।

केहि समय भैरहवामा सेवा सुरू गरेको जजिरा एयरवेजले सिमारा एयरस्पेस प्रयोग गरेर उडने गरेको थियो ।त्यो पनि बन्द भयो । जसले गर्दा जहाजलाई आधा घन्टादेखि ४५ मिनेट धैरै समय बढि बागथ्यो । समय र इन्धन दुवै खेर जान्छ। उत्तर प्रदेशको कुशीनगरमा भारतले ठूलो क्षेत्रीय विमानस्थल बनाएर प्रयोगमा ल्याएको हो। भैरहवाबाट कुशीनगर करिब १४५ किलोमिटरको सडक दुरीमा पर्छ। यी सबै कुराहरू विमान स्थल निर्माण सुरु गर्नु भन्दा पहिले प्राविधिक अवस्थाको बारेमा सुनिशित हुनु पर्ने हो। एयरपोर्ट बनाउन बेला कमिशन खानको लागी त्यो देखेनन । सिमामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने र त्यसपछि अरुको दुहाइ गर्दै जाने अवस्थाले नेताहरू मुलुकलाई श्रीलकांकै अवस्था पुर्याउने निश्चिततालाई नकार्न संकिदैन ।

छिमेकी चीनले सन् २०१३ मा अगाडि बढाएको बेल्ट एन्ड रोड इनिसिएटिब (बिआरआइ) अर्थात वन बेल्ट वन रोड (ओबिओआर) नेपालले सुरुदेखि नै उपेक्षा गर्दै आएको आयोजना हो। विश्वमै असफल देखिएको यो परियोजना चीनको आफ्नो आर्थिक र सैनिक स्वार्थ पूर्तिको एउटा साधन मात्र हो भनेर नेपाली नेताहरूले नबुझेका होइन।

बिआरआइ लागु भएको दशकौ बिते पनि नेपालमा यसको खासै सफलता देखिएको छैन। नेपालमा लागु गर्न खोजिएका बिआरआईका अधिकांस परियोजनाहरूको अवस्था पाकिस्तानको ग्वादर बन्दगाह र श्रीलंकाको हामनटोटा बन्दरगाहको जस्तै हुने निश्चित छ। सुरुमा चीनको अनुदानमा निर्माण भएको भैरहवा र पोखरा हवाइअड्डा नेपालका लागि ऋणको गलपासो (डेप्ट ट्र्याप) हुने पक्का छ।

स्मरण रहोस्, हामनटोटा बन्दरगाहमा ऋण लगानी गरेको श्रीलंका ऋण तिर्न असमर्थ भएका कारण चीनले ९९ वर्षका लागि लिजमा लिइसकेको छ। त्यस्तै पाकिस्तानको ग्वाडर बन्दरगाहको ऋण तिर्न नसक्दा ४० वर्षका लागि चीनले नै लिजमा लिएको छ।जुन प्रान्तका जनताहरुको आर्थिक अवस्था झन जरजर भएपछि बढेको आतंवादले पाकिस्तानको अवस्था जटिल बन्दै गएको छ ।

नेपालमा बेल्ट एन्ड रोड समझदारी अन्तरगत सञ्चालन गर्न उपयुक्ता देखाउदै चीनले नेपाल समक्ष ऊर्जा, पूर्वाधार, उत्तर-दक्षिण कोरिडोर, एकीकृत जाँचचौकी स्तरोन्नतिलगायत करिब १० अर्ब डलर लागतका ३५ वटा आयोजना आगाडि बढाउदै आएको छ। कतिपय परियोजनाका लगानी नेपालको लागि ऋणजाल सावित हुने अवस्था सरकारी स्तरबाट देखाइएपछि चीनले सैनिक सामरिक महत्वका परियोजनालाई जसरी पनि लागु गर्न ततपर देखिएको छ।




रसुवागढी-काठमाडौ सडक स्तरोन्नति, काठमाडौँ पर्वतीय सडक निर्माण, खोकना-विदुर सडक, ४०० केभिए गल्छी-रसुवागढी-केरुङ ट्रान्समिसन लाइन, उत्तर-दक्षिण रेलमार्ग, ७६२ मेगावाट क्षमताको तमोर जलविद्युत् आयोजना, ४२६ मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजना, मदन भण्डारी प्राविधिक शिक्षालय गरी ९ वटा आयोजना चीनको प्राथमिकतामा रहेका छन।जसलाई लागु गराउन चिन नेपाल सरकारलाई खुलेआम रुपमा दबाव दिदै आएको छ ।हालै विदेशमन्त्रि नारायणकाजी श्रेष्टले गरेको चिन भ्रमणमा चिनले बिआरआई अन्तर्गतको योजनालाई लागु गर्न खुलैरै दवाव दिएको हो ।

सन् २०१३ सेप्टेम्बरमा राष्ट्रपति नियुक्त भए लगत्तै सि जिङ पिङले सिल्क रोडलाई बृहत् आर्थिक पूर्वाधारका रूपमा नेपाल ,पाकिस्तान लगायत छिमेकी गरिब मुलुकसँगको सहकार्यका माध्यमबाट अगाडि बढाउने प्रस्ताव गर्नुभएको हो। उक्त प्रस्तावको भारत, अमेरिका, इयुबाहेक लगायतका मुलुकहरू बिरोध गर्दै आएका छन। हालसम्म ५० भन्दा बढी मुलुकमा बेल्ट एन्ड रोड इनिसिएटिब अन्तर्गतका परियोजनाहरू लागु गरिएपनि अधिकांस परियोजनाहरू असफल भएको आरोप ऋणी मुलुकहरूको छ। विश्व विकासका लागि आपसी साझदारीका रूपमा अगाडि बढाइएको बेल्ट एन्ड रोड चीनको ऋण जालको गलपासो साबित भएको आरोप लागि रहेको छ।

### विश्वमा लागु गरिएको परियोजनाहरू

जहांसम्म आयोजनाको प्रकृतिको सवाल छ, बेल्ट एन्ड रोड आयोजना चीनको जियान प्रान्तबाट सुरु भइ उर्मेनिया (उज्वेकिस्तान), अल्माटी (काजकास्तान), बिस्नेक (किर्कीस्थान), तेहिरान (इरान), इस्तानाबुल (टर्की), ग्रिस, मस्को, पोल्यान्ड, रोटर्नडन (नेदरल्यान्ड), भेनिस (इटली), मध्यसागर, एथेन्स, नैरोबी (केन्या), कोलम्बो (श्रीलंका), क्वालालम्पुर (मलेसिया), जाकर्ता (इन्डोनेसिया) हुँदै पुनःजियान प्रान्तमा आइ टुङ्गिनेछ। चीनले लागु गरे यी सबै योजना ऋणजालको माध्यमबाट चीनको औपनिवेसिकरण र सैनिक सामर्थतालाइ बढाउने सि जिङ पिङ प्रयास देखिन्छ। जसले चीनको व्यापारिक मार्गको माध्यमबाट सैन्य शक्तिको पकडलाई मध्यएसिया भएर युरोप र अफ्रिकासम्म बढाउने खोजिएको छ।

बेल्ट एन्ड रोड आयोजना अन्तर्गत चाइना-मंगोलिया-रसिया आर्थिक कोरिडोर, चाइना-पाकिस्तान आर्थिक कोरिडोर, बंगलादेश-चाइना-भारत-म्यानमार आर्थिक कोरिडोर, चाइना इन्डोचाइना पेनेनसोइला आर्थिक कोरिडोर, न्यु युरेसिया ल्याड ब्रिज आर्थिक कोरिडोर, चाइना सेन्ट्रल एसिया-वेस्ट एसिया आर्थिक कोरिडोर गरी ६ वटा आर्थिक कोरिडोरको अवधारणा चीनले अगाडि बढाइएको थियो। जसमध्ये लागु गरिएको अधिकांस मुलुकहरूको बिरोध पक्षि अधिकांस परियोजना असफल भएका छन्।

७८ देशका ४ अर्ब ४० करोड मानिस जोड्ने निष्कर्ष निकालिएको यस आयोजना पूरा हुन लाग्ने समय र लागत ठोस एकिन भइसकेका छैन्। तथापि आयोजना पूरा हुन कम्तीमा २० देखि ३० वर्ष लाग्ने अनुमान गरिएको छ। चीनले ४ ट्रिलियन डलर खर्च गर्ने योजना बनाएको छ। जहाँ हालसम्म १ सय ४० अर्ब डलरका आयोजना छनोट भइसकेका छन्। कैयन् आयोजना छनोट तथा समझदारी हुन बाँकी छ।प्रधानमन्त्री ओलीको भ्रमणमा चीनसँगको सहुलियत ऋण सम्झौता भएपछि विमानस्थल बनाउने बाटो खुलेको हो।

विमानस्थल निर्माण गर्नका लागि चीनको एक्जिम बैंकबाट साढे २१ अर्ब रुपैयाँ ऋण उपलब्ध समझौता भएको थियो। यो ऋणको २५ प्रतिशत रकम नेपालले अनुदान स्वरुप पाउने कुरा त्यसबेला चीनले गरेको सहमति अनुसार यो विमान स्थल निर्माण भएको हो। अनुदान बाहेकको रकमको नेपालले वार्षिक २ प्रतिशत ब्याज तिर्नुपर्ने कुरा जनाइएको थियो ।

भन्नलाई त नेपाल एक स्वतन्त्र देश हो । दक्षिण एसियाको सबभन्दा पुरानो देश पनि हो। तरमुलुमा बढिरहेको चिनको नांगो हस्तक्षेपले गर्दा के पोखर र भैरहवा एयरपोर्ट नेपालको अधिनमा कहिलेसम्म रहला भन्ने प्रश्न ?मात्र उठन थालेको छ । त्यसैले ,के टिकटक बनाउनेको लागी जाने होइन पोखरा एयरपोर्टको ?

विमानस्थल उद्धाटन समारोहमा पनि तत्कालीन कार्यवाहक चिनियाँ राजदूत वाङ सिनले 'बिआरआई' का लागि पोखरा विमानस्थल उज्ज्वल कार्य बनेको बताएका थिए। त्यसबेला पनि कुनै पनि नेपाली अधिकारीले चिनियाँ भनाइको खण्डन गरेनन्। केही विज्ञहरूले नेपाल सरकारमाथि बिआरआईको महँगो परियोजना तथा ऋण थप्न लागेको भन्दै टिप्पणी गर्दा उल्टै सरकारका मन्त्री र दलका नेता विकासविरोधी आवाज भन्ने गरेका छन ।

हुन त सरकारका मन्त्रिहरुले सदनलाई ४८ अर्ब घाटामा रहेको नेपाल वायु सेवा निगम पूरै नाफामा गइसकेको, ऋण तिरिसकेको, आफ्नै कमाइले नयाँ जहाज किन्न लागेको र विश्वका अधिकांश सहरमा वायुसेवा निगमले उडान भर्ने तयारी गरिरहेको जस्ता थुप्रै झुटा बयान दिएर सदनलाई ढाँटेपछि संसद्मा हंगामा नै मच्चिएको थियो।

नेपालस्थित चिनियाँ दूतावास, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा फेवातालमा ड्रागन रेस फेस्टिभल सुरु गर्दै राजदुत सोङ्ले नेपाल औपचारिक रूपमा ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई) र ग्लोबल सिभिलाइजेसन इनिसियटिभ (जिसिआई) मा सहभागी भएकोमा धन्यवाद व्यक्त गरे । जबकि चिनियाँ राष्ट्रपति सी जिनपिङ्ले गत चैतमा मात्रै प्रस्तावका रूपमा अघि सारेको जिसिआई अवधारणामा नेपालले समर्थन नै गरिसकेको छैन। तर ड्रागन रेस फेस्टिभलमा राजदूत सोङ्ले नेपालमा जिसिआई कार्यान्वयन भएको दाबी गरे।जहा हाम्र नेताहरु ताली बजाउन पछाडि परेनन ।

बिआरआई योजना आउनुअघि नै सुरु भएको पोखरा विमास्थल निमार्णका लागि सन् २०१२ मा नेपाल र चीनबीच समझदारी भएको थियो । बिनाप्रतिस्पर्धा नीतिगत अनियमितता गरेर 'इन्जिनियरिङ, प्रोक्योरमेन्ट कन्ट्र्याक्ट' (इपिपसी) मोडेलमा विमानस्थल बनाउन सीधै चीनको सिएएमसी इन्जिनियरिङ कम्पनीलाई जिम्मा दिइएको थियो। त्यसको तीन वर्षपछि बल्ल बिआरआई योजना सुरु गरेको चीनले अहिले पोखरा विमानस्थलमा भएको ऋण लगानीलाई जर्बजस्ती बिआरआईमा जोड्दा पनि नेपालले मौनता साँधेको छ।

### किन मौन छन् अधिकारीहरू ?

राजदूत सोङ्ले सार्वजनिक रुपमै एकपछि अर्को विवादास्पद टिप्पणी गरिरहँदा नेपाल सरकारका जिम्मेवार मन्त्रीहरू भने सदनलाई समेत ढाँटेर चिनियाँ रणनीतिको साझेदार बनिरहेका छन्। उनले नेपाल बिआरआईमा सहभागस् नै नभएको समयमा सम्झौता गरिएको पोखरा विमानस्थलमा चीनको लगानी र जिसिआईमा नेपालको सहभागिताबारे गलत प्रचार गर्दासमेत परराष्ट्र मन्त्रालयले शंकास्पद मौनता साँधेको छ। सामाजिक सञ्जालमा नेपालमा बिआरआईको लगानी र जिसिआईमा सक्रिय सहभागिता विषयमा राजदूतले गरेको दाबीबारे सरकार किन मौन छ त ?

### पोखरा विमानस्थलको वास्तविकता के हो ?

नेपाल सरकार र चिनियाँ सरकारी स्वामित्वको ठेकेदार कम्पनी सिएएमसिईबीचको सम्झौतापछि १८ साउन २०७३ देखि यो विमानस्थल निर्माण सुरु भएको हो। सिएएमसीईसँग मूल्य अभिवृद्धि करसहित अमेरिकी डलर २४ करोड ४० लाख ४० हजारमा सम्झौता भएको थियो। पोखरा विमानस्थल बनाउन सरकारले चीनको एक्जिम बैंकसँग २०७२ मा सम्झौता गरेर १ अर्ब ३७ करोड ८७ लाख चिनियाँ युआन ऋण लिएको देखिन्छ, जसमा कुल ऋणको २५ प्रतिशत अर्थात् ३४ करोड ४६ लाख ८५ हजार युआनको ब्याज तिर्नुपर्दैन। बाँकी रकमको सावाँ र दुई प्रतिशत ब्याज २० वर्षमा तिरिसक्नुपर्नेछ। जबकि अन्तर र्ष्ट्रिय दातृ निकायबाट लिइने ऋणको ब्याज १ प्रतिशतभन्दा कम हुन्छ। तर चीनले दुई प्रतिशत महँगो ब्याजदरमा पोखरामा ऋण लगानी गरेको छ। ऋण सम्झौतामा राखेको ७ वर्षको ग्रेस पिरियड सकिइसकेको छ। यसरी ऋण लिएर बनाइएको उक्त विमानस्थललाई अहिले राजदूत सोङ्ले निरन्तर बिआरआई परियोजनाअन्तर्गतको भन्दै भ्रम छर्दै आएका छन्।

# विमानस्थल स्तरोन्नतिका लागि रक्षामन्त्री र नेता लेखकबीच छलफल



**टुडे समाचारदाता**

महेन्द्रनगर । रक्षामन्त्री हरि उप्रेती र नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकसहितको टोलीबीच कञ्चनपुरको महेन्द्रनगर स्थित मझगाउँ विमानस्थल स्तरोन्नतिका लागि छलफल भएको छ ।

निर्माणाधीन मझगाउँ विमानस्थलका लागि दक्षिणतर्फ रहेको नेपाली सेनाको केही भाग जग्गा आवश्यक पर्ने भएकाले सोका लागि सहजीकरण गरिदिन कांग्रेस प्रमुख सचेतक लेखकसहितको टोलीले मन्त्री उप्रेतीलाई बुधबार ध्यानाकर्षण गराएको हो । कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसदसमेत रहनुभएका लेखकको टोलीमा जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहरा, भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटी र बेदकोट नगरपालिकाका नगरप्रमखु भोजराज बोहराको सहभागिता रहेको थियो ।

लेखकका स्वकीय सचिव जनक भट्टले मन्त्री उप्रेती र प्रधानसेनापति प्रभुराम शर्मासहित भएको छलफल सकारात्मक रहेको बताए । "मन्त्री र प्रधानसेनापतिसँगको छलफलका क्रममा उहाँहरूले विमानस्थल स्तरोन्नतिका लागि सहयोग गर्छौं भन्नुभएको छ", भट्टले भने,"यो प्रक्रियागत अल्झन फुकाउन नेता लेखक सक्रिय हुनुहन्छ ।"

केही समयअघि स्थानीयले विमानस्थलका लागि मझगाउँस्थित रत्न वाटिका खाली गराएका थिए । विमानस्थललाई जग्गाको स्वामित्व प्राप्त गर्नुअघि यहाँ वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) का लागि पहल थालिए पनि उक्त कार्य पूरा नहुँदा निर्माणमा बाधा पुगेको छ ।

विमानस्थलको दक्षिणतर्फ रहेको रत्न वाटिका र नेपाली सेनाको केही भू-भाग विमानस्थल स्तरोन्नतिका क्रममा प्रयोग गर्नुपर्ने अवस्था छ । रु ४५ करोडको ठेक्का दिइएको विमानस्थलको पुनःनिर्माणको काम हाल ३६ प्रतिशत सकिसकेको छ । भीमदत्त नगरपालिकाको १५, दोधारा चाँदनी नगरपालिकाको १०, सुदूरपश्चिम प्रदेश सरकारको २५ र नागरिक उड्डयन प्राधिकरणको ५० प्रतिशत गरी तीनै तहको साझेदारीमा विमानस्थल निर्माण भइरहेको हो ।

# जलवायु परिवर्तनबाट प्रभावित देशलाई आर्थिक र प्राविधिक सहयोग आवश्यक : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तनबाट प्रभावित देशलाई आर्थिक एवम् प्राविधिक सहयोग आवश्यक रहेको बताउनुभएको छ ।'हिमाल, जनता तथा जलवायु परिवर्तन' विषयक अन्तर्राष्ट्रिय विज्ञ संवादलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनका कारण पर्वतीय देशहरूमा देखापरेका समस्या सम्बोधन हुनुपर्ने बताउनुभयो ।

उहाँले जलवायु परिवर्तनमा नेपालजस्ता देशहरूको योगदान न्यून भए पनि त्यसको असर भयावह रहेको समेत बताउनुभयो । "हामीमाथि गरिएको यो भयावह अन्यायका कारण हाम्रा देशका नागरिक र पर्वतीय पारिस्थितिकी प्रणाली जलवायु-प्रेरित प्रकोपले गम्भीर रूपमा प्रभावित भएका छन्," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "जोडदारसँग हामी न्यायको माग गर्दछौं ।"

स्थानीय नेतृत्वमा विज्ञानमा आधारित पर्याप्त, पूर्वानुमानयोग्य र पहुँचयोग्य कोष र प्रविधिको वितरण आवश्यक भएकामा जोड दिँदै प्रधानमन्त्री दाहालले समान र पारदर्शी तवरले हानी र क्षति कोषको पूर्णसञ्चालन गर्ने विषयले प्राथमिकता पाउनुपर्नेमा बताउनुभयो । उहाँले भन्नुभयो, "पर्वतमा बसोबास गर्ने सबैभन्दा कमजोर महिला, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति र स्थानीय समुदायलाई जलवायु कार्यको प्राथमिकतामा राख्न अनुरोध गर्दछौं ।"

नेपालले पेरिस सम्झौताप्रति पूर्णप्रतिबद्धका साथ विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्षअघि सन् २०४५ सम्ममा शून्य हरितगृह ग्यास उत्सर्जन गर्ने लक्ष्य राखेको उहाँले जानकारी दिनुभयो । "स्वच्छ ऊर्जा सुरक्षित गर्न हामी जलविद्युत् सम्भावनाको पूर्णउपयोग गर्नेछौं । विश्वव्यापी लक्ष्यभन्दा पहिले नै ४५ प्रतिशत वन क्षेत्रको जमिन सुरक्षित गर्दैछौं", प्रधानमन्त्री दाहालले भन्नुभयो ।



उहाँले जलवायु परिवर्तनले ल्याउने साझा चुनौतीको सामना गर्न सहकार्य गर्नपर्ने आवश्यकतासमेत औँल्याउनुभयो । "पर्वत, पर्वतीय सभ्यता, पर्वतीय पारिस्थितिकी प्रणाली र पर्वतीय बासिन्दाको संरक्षण र प्रवर्द्धन गर्नका लागि हाम्रो सामूहिक प्रयासमा सामेल होऔं । यहाँ जलवायु परिवर्तनले ल्याउने साझा चुनौती समाधान गर्न सहकार्य र एकता जुटाउने प्रयास गरौं", प्रधानमन्त्री दाहालको भनाइ थियो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत वर्ष नेपाल भ्रमण गरेर जलवायु परिवर्तनका प्रभावको सामना गरिरहेका स्थानीय समुदायबाट प्रत्यक्ष जानकारी सङ्कलन गरेको भन्दै प्रधानमन्त्री दाहालले वातावरणीय सङ्कटलाई सम्बोधन गर्न महासचिवले गर्नुभएको अपिलको प्रशंसा गर्नुभयो । यस संवादले पर्वतीय देशका सरकार, सरोकारवाला र तिनिहरूका सहयोगीलाई पर्वतीय-जलवायु चिन्ता र समाधानबारे बुझ्न, विशेषज्ञता र अनुभवहरू साझेदारी गर्न तथा तालमेल गर्न सक्षम बनाउने प्रधानमन्त्रीको विश्वास छ । उहाँले 'युएनएफसिसिसी' को जलवायु वार्ता समूहहरूको एलडिसी समूह, जि-७७, चीन र अन्य निकायबीच तालमेल र सहयोगको महत्व बिर्सन नहुनेमा जोड दिनुभयो ।

**पर्वतीय समुदाय जलवायु परिवर्तनको जोखिममा**

सम्बोधनका क्रममा प्रधानमन्त्री दाहालले उच्च पर्वतीय क्षेत्रमा बसोबास गर्दै आएका समुदाय जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेका बताउनुभयो । "अर्थतन्त्र, कृषि, पर्यटन, जलविद्युत् र भौतिक पूर्वाधारजस्ता जलवायु संवेदनशील क्षेत्रमा परेको खराब असरका कारण पर्वतीय समुदाय र पारिस्थितिक प्रणालीमा नकारात्मक प्रभाव देखिएका छन्," प्रधानमन्त्री दाहालले भन्नुभयो, "स्रोतहरूमा आएको कमी, उत्पादन र उत्पादकत्वमा घट्दोक्रम एवम् यहाँका बासिन्दा संस्कृति, सम्पदा, ज्ञान र अभ्यासको विस्थापनबाट जलवायु प्रेरित प्रकोप र अन्य प्रभावले पर्वतीय क्षेत्रका जनताको जीविकोपार्जनलाई गम्भीर असर पुऱ्याएको छ ।"

मुख्यतया मौसममा आधारित जीविकोपार्जनमा निर्भर रहने गरिब, महिलासँग परिवर्तनको सामना गर्ने जानकारी, स्रोत र क्षमताको कमी भएका कारण जलवायु परिवर्तनले नराम्रो असर पारिरहेको प्रधानमन्त्रीको भनाइ छ ।

पर्वतीय समुदाय र पारिस्थितिकीय प्रणालीमा परेको प्रभावका बारेमा बढ्दो चिन्ता र चासो समाधानका लागि एकीकृत पर्वतीय आवाजको तत्काल सम्बोधन गर्नुपर्नेमा उहाँको जोड थियो । प्रधानमन्त्री दाहालले तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्न, पारिस्थितिकय प्रणालीको विविधता, स्थिरता र स्थायित्व बढाउन तथा स्थानीय आवश्यकतामा ध्यान जानुपर्ने बताउनुभयो । "हाम्रा सचेत र व्यवस्थित प्रयासको परिणामस्वरूप कोप-२८ ले एकीकृत प्रतिक्रियाको लागि पर्वतीय पारिस्थितिक प्रणालीलाई निकै महत्व दिएको छ," उहाँले भन्नुभयो ।

पर्वतीय मुद्दालाई अगाडि बढाउन र त्यस क्षेत्रमा परेका गम्भीर असर न्यूनीकरणका लागि दिगो समाधान खोज्न विश्वव्यापी सहमति र समर्थनसहित दीर्घकालीन यात्रा तय गर्नुपर्नेमा पनि उहाँको जोड थियो । "यो विज्ञ संवाद केवल एउटा कार्यक्रम मात्र होइन । यो एक रणनीतिक पहल पनि हो," प्रधानमन्त्रीले भन्नुभयो, "यसले जलवायु परिवर्तनको सन्दर्भमा पर्वतमा आधारित कार्यहरूलाई समन्वय र प्राथमिकता दिन, सुदृढ गर्न र युएनएफसिसिसी पर्वतीय कार्यक्रम र आदेशमा सहयोग गर्न पर्वतीय देशहरू र एजेन्सीहरूलाई प्रोत्साहित गर्ने उद्देश्य राखेको छ ।"रासस

# वीर अस्पतालमा जनशक्तिको व्यवस्थापन तुरुन्तै गरिने मन्त्री यादवको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले वीर अस्पतालको अनुगमन गर्दै अस्पतालको सेवा थप प्रभावकारी बनाउन जनशक्तिको व्यवस्थापन तुरुन्तै गरिने बताएका छन् । बुधबार दिउसो मन्त्रीसहित सचिव डा रोशन पोखरेललगायत कर्मचारी अनुगमनमा गरेका थिए ।

मन्त्री प्रदीपले वीर अस्पतालको नयाँ भवनदेखि पुरानो भवनको अवलोकन गर्दै नजिकै रहेको राष्ट्रिय ट्रमा सेन्टरको समेत अवस्था बुझेका थिए । करिब तीन घण्टाको अनुगमनमा मन्त्री यादवले प्रत्यक्षरुपमा बिरामीलाई भेटेर अवस्थाका बारेमा जानकारी लिएका थिए ।

अस्पतालको अकस्मात कक्ष, ओपिटीमा सबैभन्दा बढी समस्या देखापरेको मन्त्री यादवले बताए । "देशभरकै बिरामीको उपचारको केन्द्र रहेको अस्पताल व्यवस्थित हुनुपर्छ", उनले भने, "कतिपय कक्ष तथा सेवा व्यवस्थित नहुँदा बिरामीले दुःख पाउनुभएको छ । मुख्यतया जनशक्तिको अभाव देखिएको छ, यसले व्यवस्थापनमा समस्या देखिएको हो ।"



अस्पतालमा आएका सर्वसाधारणले सेवासुविधामा भोग्नु परेको समस्या प्रत्यक्ष मन्त्रीसमक्ष राखेका थिए । अस्पतालको औषधि पसलमा घण्टौं लाइन लागेका सर्वसाधाणलाई मन्त्री यादवले समस्या के छ ? भन्दै सोधेका थिए । औषधि पसलमा टोकन सिस्टम नहुँदा घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता रहेको सर्वसाधारणले सुनाएका थिए । मन्त्री यादवले औषधि पसलको लाइन व्यवस्थापन गर्न तुरुन्तै टोकन सिस्टम ल्याउन अस्पतालका उपकुलपति डा भूपेन्द्र बस्नेतलाई निर्देशन दिए । त्यस्तै, सर्वसाधारणले स्वास्थ्य बीमामार्फत औषधि नपाएको गुनासो गरेका थिए ।

डा भूपेन्द्रले अनुगमनकै क्रममा सर्वसाधारणमाँझ औषधि अभाव भएको स्वीकार गर्दै औषधि ल्याउने प्रक्रियामा रहेको र दुई साताभित्र स्वास्थ्य बीमाको औषधि आइपुग्ने जानकारी दिए । "औषधीको अभाव छ, हामी स्वीकार गर्छौं", उनले भने, "दुई साताभित्र औषधि अभाव पूर्ति गरेसँगै बीमासम्बन्धी हेर्ने छुट्टै डेस्कको व्यवस्थापन समेत मिलाउने छौं ।"

मन्त्री यादवले अनुगमनका क्रममा शयूया अभावका कारण एउटै शयूयामा महिला र पुरुष राखेर उपचार गरेकोसमेत भेटिएको थियो भने वीर अस्पतालको पछाडि थुप्रिएका प्रयोगविहीन भौतिक सामग्रीको तुरुन्तै व्यवस्थापन गर्न समेत निर्देशन दिएका थिए ।

# जलवायु परिवर्तनका समस्या न्यूनीकरण गरेर पृथ्वीको सुरक्षा गर्नुपर्छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले जलवायु परिवर्तनले निम्त्याएका समस्या न्यूनीकरण गरी पृथ्वीको सुरक्षाका लागि ध्यानाकर्षण गराउनुभएको छ । काठमाडौँमा जारी 'अन्तर्राष्ट्रिय संवाद' मा उहाँले जलवायु परिवर्तनका कारण हिमालमा बढी असर परेकाले हिउँ पग्लिँदै गएकाले यस्ता समस्या न्यूनीकरणका लागि साझा प्रयत्न जरूरी छ भन्नुभयो ।

जलवायु परिवर्तनका कारण उत्पन्न समस्याले नेपालजस्ता मुलुकको पर्वतीय क्षेत्रमा नकारात्मक असर परिरहको भन्दै सहभागीको ध्यानाकर्षण गराउनुभयो । पृथ्वीको बढ्दो तापमान वृद्धिले जलवायु परिवर्तनको समस्या अझै बढ्नसक्ने भन्दै उहाँले तापमान वृद्धि एक दशमल पाँच डिग्री सेल्सियसमा सीमित राख्नुपर्नेमा उहाँले जोड दिनुभयो । "जलवायु परिवर्तनले ल्याएका समस्या अझै बढ्ने अवस्था छ । यसबाट हिमाली क्षेत्रमा बढी असर गरिरहेकाले त्यहाँको जनजीवन अझै कठिन बन्दै जाने देखिन्छ," उहाँले भन्नुभयो, "यसर्थ विश्व समुदाय नै तापमान वृद्धि रोक्न एकजुट भए लाग्न जरुरी छ ।"

जलवायु परिवर्तनका असरले हिमाली भेगका समुदाय, त्यहाँको परिस्थितिकीय प्रणाली, कृषि, वन्यजन्तुलगायतमा गम्भीर असर पारिरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले न्यूनीकरण र अनुकूलनको तयारीमा नजुटे अझै बढी असर पर्ने धारणा राख्नुभयो ।


जलवायु परिवर्तनको असरका कारण विपद्जन्य घटना बढ्न सक्ने र समयमा नै सबै क्षेत्र सजक रहेर जलवायुको असर न्यूनीकरणमा लाग्नुपर्ने उहाँको भनाइ थियो । "जलवायु परिवर्तनमा नेपालजस्ता देशहरूले न्यून भूमिका खेले पनि यसको असर सबैभन्दा बढी हाम्रै हिमालमा परेको छ, हिमालका हिउँ पग्लिँदै छन्, हिमताल विस्फोट हुने खतरा बढ्दैछ", उहाँले भन्नुभयो, "तसर्थ अब जलवायु न्यायका लागि हामीले आवाज उठाउनुपर्छ, जलवायु परिवर्तनको असर सम्बन्धमा सबैको एउटै साझा आवाज हुनुपर्छ ।"रासस

# जलवायु परिवर्तनले अप्रत्यासित घटनामा वृद्धि : मन्त्री साह

**टुडे समाचारदाता**

काठमाण्डु । वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले जलवायु परविर्तनका कारण हरेक वर्ष अप्रत्याशित घटनामा वृद्धि भएको बताएका छन् ।

बुधबारदेखि सुरू भएको 'हिमाल, मानव र जलवायु परिवर्तन : विशेषज्ञहरुको अन्तरराष्ट्रिय संवाद'को उद्घाटन कार्यक्रममा उनले हिमाली देशमा जलवायु परिवर्तनले असर गर्ने प्रतिकूलता विश्वका अन्य क्षेत्रभन्दा बढी रहेकाले त्यसबाट जोगाउन आवश्यक रहेको बताए । "म सबै हिमाली देश र विकसित देशलाई खुला हृदय र दिमागका साथ अनुकूलनका लागि थप वित्तीय स्रोत विनियोजन गर्न आग्रह गर्दछु ताकि हामी सामूहिकरूपमा जलवायु सङ्कटलाई सम्बोधन गर्न सकौँ", मन्त्री सुडीले भने, "हिमाली देशमा जलवायु परिवर्तनका प्रभाव, चुनौती र अवसरलाई सम्बोधन गर्न तपाईंको विशेषज्ञताले हाम्रो संवादलाई समृद्ध बनाउनेछ र आगामी दिनमा उपयुक्त जलवायु कार्य गर्नेछ ।"



जलवायु परिवर्तन एक विश्वव्यापी र अन्तरसम्बन्धित मुद्दा भएको उल्लेख गर्दै मन्त्री सुडीले हिमाली तथा टापु राष्ट्रहरू र त्यहाँका जनताले तापक्रम वृद्धि, अनियमित वर्षा, खडेरी र मरुभूमिकरण, पहिरो, बाढी, डुबान, आगलागी, हिमनदी पग्लिने र समुद्री सतहको वृद्धिजस्ता सङ्कट सामना गर्नु परिरहेका बताए । "आगामी जुन ५ मा जर्मनीमा हुने हिमाल र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद हुँदैछ । हिमालका विषयमा थप निर्णय लिन, हिमाली समुदायको जीवन र जीविकोपार्जनका लागि आर्थिक तथा अनुकूलन लक्ष्यलाई विस्तार गर्न अन्तर्राष्ट्रिय समुदाय र पक्षलाई आग्रह गर्दछु", मन्त्री सुडीले भने ।

काठमाडौँमा जारी संवादलाई दिगो पर्वतीय विकासलाई प्रवर्द्धन गर्ने र यसअघि निर्धारण गरेका लक्ष्य सामूहिकरूपमा पूरा गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।

# नेपालमा हिउँ पग्लिँदा बङ्गलादेशको अस्तित्व नै खतरामा पर्न सक्छ : मन्त्री हुसैन

काठमाण्डु । बङ्गलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री सबर हुसैन चौधरीले जलवायु परिवर्तनका कारण नेपालका हिमालमा हिउँ पग्लिँदा बङ्गलादेशको अस्थित्व नै खतरामा पर्ने चिन्ता व्यक्त गर्नुभएको छ ।

हिमालमा जलवायु परिवर्तनले गरेको असरबारे अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण गराउन काठमाडौँमा बुधबारदेखि सुरु भएको 'अन्तर्राष्ट्रिय संवाद' कार्यक्रममा उहाँले जलवायु परिवर्तनका कारण हिमालमा बढी असर परेको र हिमालको हिउँ पग्लिँदा बङ्गालादेशमा बाढीलगायत समस्या सिर्जना हुन सक्ने भन्दै चिन्ता जनाउनुभयो ।



उहाँले जलवायु परिवर्तका असर न्यूनीकरणका लागि समयमा सचेत नभए हिमालका हिउँ पग्लिएर तल्लो तटिय क्षेत्रको अस्थित्व नै गुम्ने भन्दै सहभागीको ध्यानाकर्षण गराउनुभयो । जलवायु उत्थानशीलालाई सम्बोधन गर्न जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनमा ध्यान जान आवश्यक रहेको उहाँको भनाइ छ । "विकसित देशले ८१ प्रतिशत कार्बन उत्सर्जन गर्छन् । त्यसले गर्दा नेपाल, बङ्गलादेशजस्ता विकासोन्मुख मुलुकहरूले समस्या भोग्नुपरेको छ," उहाँले भन्नुभयो, "विकसित देशले विभिन्न अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा गरेको प्रतिबद्धता कार्यन्वयन गर्न सकिरहेका छैनन् । अब उनीहरुलाई झक्झक्याउनुपर्छ ।" मन्त्री हुसैनले सरकारले मात्रै गरिबी निवारण र जलवायु परिवर्तनको असर रोक्ने नसक्ने भन्दै अनुकूलन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गर्न लाग्नुपर्ने समेत बताउनुभयो । जलवायु परिवर्तनको प्रभावले ल्याएका समस्या निराकरण गर्न राजनीतिक इच्छाशक्ति जरुरी रहेको उहाँको भनाइ थियो ।

चन्द्रगिरीमा सुरू भएको 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'मा विभिन्न २५ देशका विज्ञहरूको सहभागिता रहेको छ । संवादमा नेपाललगायत पर्वतीय र साना टापु देश, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि गरी दुई सयभन्दा बढीको सहभागी हुनुहुन्छ । पर्वतीय पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु उत्थानशील कार्यलाई सुदृढ, समन्वय र प्राथमिकता दिने विषयमा विज्ञहरूबीच छलफल हुनेछ ।रासस


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय को सुचना

सुचना प्रकाशित मिति – २०८१।०२।१० गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/२२ गते प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको दरभाउपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/GOODS/02-2080/81 | samudayik vidhyalayaka chatraaharulai nisulka sanitary pad vyawasthapan | Angel touch Hygiene Manufacturing Pvt. Ltd, Bhaisepati -18, Lalitpur | ४,६५,५१०।२४ |

प्रमुख प्रशासकीय अधिकृत

# 'म्यान्माको सशस्त्र समूहको उत्पीडनमा परी हजारौँ रोहिङ्ग्या विस्थापित'

**एएफपी**

बैङ्कक । म्यान्माको अराकान आर्मीले गत नोभेम्बरमा सेनाप्रति बफादार (जुन्टा) सरकार र सेनामाथि आक्रमण गरेपछि रखाइनमा झडप हुँदा हजारौँ अल्पसंख्यक रोहिङ्ग्या विस्तापित भएका समुदायको अधिकारका लागि आवाज उठाउँदै आएका म्यान्माका अधिकारकर्मीले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाले बढ्दो हिंसाका कारण रोहिङ्ग्या समुदाय समस्यामा परेको बताएको एक दिनपछि अधिकारकर्मीहरूले म्यानमाको जातीय सशस्त्र समूह अराकान आर्मीका कारण पश्चिमी रखाइन राज्यमा उत्पीडन बढेको र हजारौँ अल्पसंख्यक विस्थापित भएको आरोप लगाएका हुन् । अराकान आर्मीले गत नोभेम्बरमा जुन्टा सेनामाथि आक्रमण गरेपछि रखाइनमा तनाव बढेको छ र यसले सन् २०२१ मा भएको सैन्य 'कू' पछि जारी युद्धविराम अन्त्य भएको छ ।



उत्पीडनमा परेका रोहिङ्ग्या मुस्लिम अल्पसंख्यक समुदायका करिब छ लाख सदस्य रहेको राज्यमा जातीय रखाइन जनसंख्याका लागि थप स्वायत्तताका लागि सङ्घर्ष गरिरहेको अराकन समूहले जनाएको छ ।सन् २०१७ मा संयुक्त राष्ट्रसङ्घको नरसंहारसम्बन्धी मुद्दाको विषय बनेको सेनाको कारबाहीका क्रममा लाखौं रोहिङ्ग्याहरू रखाइनबाट भागेका थिए ।विभिन्न रोहिङ्ग्या सङ्गठनले विदेशबाट जारी गरेको संयुक्त वक्तव्यमा अराकन लडाकुहरूले गत हप्ता रोहिङ्ग्या बासिन्दालाई बुथिडाउङ शहर छोड्न बाध्य पारेको र त्यसपछि उनीहरूका घरहरू जलाएको र लुटपाट गरेको उल्लेख छ ।

अराकन लडाकुहरूले रोहिङ्ग्यालाई उनीहरूको नियन्त्रणमा रहेको क्षेत्रमा नबस्न निर्देशित गरेको बताइएको छ ।वक्तव्यमा रोहिंग्या समुदायमाथि भइरहेको 'जबर्जस्ती विस्थापन र मानव अधिकार उल्लङ्घन' अन्त्य गर्न सशस्त्र समूहलाई आह्वान गरिएको छ ।अराकन आर्मीले रखाइन राज्यमा पहिलो बिजयको घोषणा गर्दै गत हप्ता बुथिडाउङलाई आफ्नो कब्जामा लिएको थियो ।

उसले शहरका बासिन्दालाई त्यहाँबाट बाहिर जान चेतावनी दिएको र त्यसपछि मानिसहरूलाई सुरक्षित स्थानमा जान सहयोग गरिरहेको बताएको छ तर विस्तृत विवरण दिएको छैन ।अराकन समूहले बुथिडाउङलाई पारेको र आफूसँग लड्न 'बङ्गाली मुसलमानहरू' भर्ती गरेर 'जातीय र धार्मिक हिंसा' भड्काएको आरोप लगाएको छ ।रोहिङ्ग्याहरूले 'बङ्गाली' शब्दलाई बौद्ध बहुल म्यान्मामा हस्तक्षेपकारी कार्य गर्ने एक गालीको रूपमा प्रयोग गर्ने गरेका छन् ।

अमेरिकी विदेश मन्त्रालयले मङ्गलबार अराकन समूहले सहरलाई तनावग्रस्त बनाएको, आगजनी गरेको र अल्पसंख्यक समुदायलाई ठूलो संख्यामा विस्थापित हुन बाध्य पारेको समाचारप्रति मन्त्रालयको ध्यानाकर्षण भएको जनाएको थियो । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुखले सप्ताहन्तमा यस्तै चेतावनी जारी गर्दै जातीय राखिन र रोहिंग्याबीच तनाव उच्च रहेको र म्यान्माको सैन्य जुन्टाले यसलाई बढावा दिइरहेको बताउनुभएको थियो ।

"सेनाले रोहिङ्ग्यालाई लक्षित गरी नरसंहार र मानवताविरुद्धको अन्य अपराधका साथै रखाइनमा अन्तरसाम्प्रदायिक तनाव भड्काउने कामका अतिरिक्त 'नागरिकमाथि गम्भीर खतरा' सिर्जना गरेको छ," अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।उहाँले भन्नुभयो, "अहिले बढेको हिंसा र अन्तरसाम्प्रदायिक तनावले थप ज्यादती हुने जोखिम पनि बढाएको छ ।"

मिलरले जुन्टा र सबै सशस्त्र समूहहरूलाई नागरिकहरूको सुरक्षा गर्न र निर्बाध मानवीय पहुँचलाई अनुमति दिन आह्वान गर्नुभयो । सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएदेखि नै स्वायत्तता र आकर्षक स्रोतसाधनको नियन्त्रणका लागि सेनासँग लडेका म्यान्माको सीमावर्ती क्षेत्रमा रहेका थुप्रै सशस्त्र जातीय अल्पसंख्यक समूहमध्ये अराकन आर्मी पनि एक हो ।सन् २०१९ मा सेना र अराकन समूहबीच भएको झडपका कारण करिब दुई लाख मानिस विस्थापित भएका थिए ।

# भ्रष्टाचारको आरोपमा श्रीलंकाको टि-२० टोलीका मालिक पक्राउ

**एएफपी**

कोलम्बो । अत्यधिक प्रचारित खेलाडी लिलामीको एक दिनपछि श्रीलङ्काको प्रिमियर लिग (एलपिएल) मा एक टि-२० टोलीका विदेशी मालिकलाई बुधबार भ्रष्टाचारको आशङ्कामा पक्राउ गरिएको प्रहरीले बताएको छ ।





दाम्बुला थन्डर्सका मालिक तथा बङ्गलादेशी मूलका बेलायती नागरिक तमिम रहमानलाई दुबईका लागि उडान भर्नुअघि मुलुकको मुख्य विमानस्थलमा रोकिएको प्रहरीले बतायो । प्रहरी र अध्यागमन अधिकारीहरूका अनुसार उनलाई म्याच फिक्सिङको आशङ्कामा हिरासतमा राख्न अदालतको आदेशपछि पक्राउ गरिएको थियो । रहमानलाई थप अनुसन्धानका लागि मे ३१ सम्म हिरासतमा राखिएको छ ।

म्याच फिक्सिङ र सट्टेबाजी गर्ने प्रयाससँग सम्बन्धित खेलकुद ऐनको दुई प्रावधानअन्तर्गत अनुसन्धान भइरहेको थियो । खेलकुदमा भएको भ्रष्टाचार नियन्त्रण गर्ने विशेष प्रहरी एकाइले चार वर्षअघि सुरु भएको एलपिएल प्रतियोगिताका कुनै अधिकारीलाई पहिलो पटक पक्राउ गरेको हो ।

खेलकुद ऐनअन्तर्गत दोषी ठहर भएकाहरूले सम्भावित ठूलो जरिवाना र १० वर्षसम्मको कारागार सजायको सामना गर्न सक्छन् ।मङ्गलबार रहमानको दाम्बुला टिमले २४ खेलाडी किन्नका लागि चार लाख ५० हजार डलर खर्च गरेको थियो । यसमा विदेशी खेलाडी अफगानिस्तानका अलराउन्डर करिम जनात पनि थिए । उनको मूल्य ८० हजार डलर थियो । पाँच टिम संलग्न एलपिएल प्रतियोगिता जुलाई १ देखि सुरु हुनेछ र जुलाई २१ मा फाइनल खेल हुनेछ ।

# कोलकाता आईपीएलको फाइनलमा

काठमाण्डु । कोलकाता नाइट्स राइडर्स इन्डियन प्रिमियर लिग (आईपीएल)को फाइनलमा प्रवेश गरेको छ।

पहिलो क्वालिफायरमा सनराईजर्स हैदराबादलाई ८ विकेटले पराजित गर्दै कोलकाता फाइनल प्रवेश गरेको हो ।पहिले ब्याटिङ गरेको हैदराबादले दिएको १६० रनको लक्ष्य कोलकाताले १३.४ ओभरमै मात्र २ विकेटको क्षतिमा पूरा गऱ्यो ।कोलकाताका कप्तान श्रेयस ऐयरले सर्वाधिक ५८, वेंकटेश ऐयरले ५१ रन, ओपनर रहमनुल्लाह गुरबाजले २३ र सुनिल नरिनले २१ रन जोडे ।हैदराबादका कप्तान प्याट कमिन्स र नटराजनले समान एक/एक विकेट लिए ।





पहिले ब्याटिङ गरेको हैदराबादले १९.३ ओभरमा सबै विकेट गुमाएर १५९ रन बनाएको थियो । हैदराबादका राहुल त्रिपाठीले ५५, हेनरिच क्लासनले ३२, प्याट कमिन्सले ३० रन बनाए । अन्य ब्याटर भने चल्न सकेनन् ।कोलकाताका मिचेल स्टार्कले तीन, वरुण चक्रवर्तीले दुई विकेट, वैभव अरोरा, हर्षित राना, आन्द्रे रसेल र सुनिल नरिनले एक/एक विकेट लिए ।पराजित भए पनि हैदराबादलाई फाइनल प्रवेशका लागि अझै एक अवसर छ ।

हैदराबादले राजस्थान रोयल्स र बेंगलुरबीच हुने एलिमिनेटरको विजेतासँग दोस्रो क्वालिफायर खेल्नेछ । क्वालिफायर शुक्रबार हुँदैछ ।आईपीएलको फाइनल खेल आइतबार हुनेछ ।

# आयरल्याण्ड, नर्वे र स्पेनद्वारा प्यालेस्टिनी राज्यलाई मान्यता दिने निर्णय

**एएफपी**

दोहा । आयरल्याण्ड, नर्वे र स्पेनले बुधबार प्यालेस्टिनी राज्यलाई मान्यता दिने निर्णय गरेका छन् ।



प्यालेस्टाइन लिबरेशन अर्गनाइजेसन र इस्लामिक समूह हमासले यूरोपेली राष्ट्रहरूले प्यालेष्टाइनलाई स्वतन्त्र राज्यका रूपमा दिएको मान्यताप्रति आभार प्रकट गर्दै निर्णयको स्वागत गरेका छन् ।प्यालेष्टाइनलाई मान्यता दिने कदमको इजरायलले कडा विरोध गरेको छ ।

प्यालेष्टाइनलाई मान्यता दिने कदमको इजरायलले कडा विरोध गरेको छ । हमासले अक्टोबर ७ मा इजरायलमाथि एकाएक गरेको आक्रमणपछि इजरायलले गाजामा कारबाही केन्द्रित गरेपछि यस क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा रक्तपातपूर्ण युद्ध भड्किएको छ ।

आयरल्यान्ड, नर्वे र स्पेनले गाजा युद्धको सात महिनापछि मे २८ पछि प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता दिने घोषणा गरेका हुन् । "हामी यसलाई हाम्रो भूमिमा हाम्रो अधिकार पुष्टि गर्ने दिशामा एक महत्वपूर्ण कदम ठान्छौ", हमासले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "साथै, विश्वभरका देशहरूलाई हाम्रो वैध राष्ट्रिय अधिकारलाई मान्यता दिन आह्वान गर्दछौं ।"हमासका वरिष्ठ अधिकारी बासेम नईमले प्यालेस्टिनी जनताको 'साहसिक प्रतिरोध'का कारण तीन युरोपेली मुलुकले यो कदम चालेको दावी गर्नुभयो ।

> आयरल्यान्ड, नर्वे र स्पेनले गाजा युद्धको सात महिनापछि मे २८ पछि प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता दिने घोषणा गरेका हुन् ।

उहाँले एएफपीसँग भन्नुभयो, "यी क्रमिक मान्यताहरू यस साहसी प्रतिरोध र प्यालेस्टिनी जनताको विख्यात दृढताको प्रत्यक्ष परिणाम हो ।""यो प्यालेस्टिनी मुद्दामा अन्तर्राष्ट्रिय स्थितिमा परिवर्तन आउनेछ भन्ने कुरामा हामी पूर्णरूपमा विश्वस्त छौं ।" प्यालेस्टिनी जनताको एकमात्र वैध प्रतिनिधिको रूपमा अन्तर्राष्ट्रिय रूपमा हेरिएको प्यालेस्टाइन लिबरेशन अर्गनाइजेसनले यो निर्णयलाई 'ऐतिहासिक' भन्दै स्वागत गरेको छ ।

पीएलओ कार्यकारी समितिका महासचिव हुसेन अल शेखले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "आयरल्याण्ड, नर्वे र स्पेनको यो कदम 'ऐतिहासिक क्षण' हो । यसमा सत्य र न्यायका लागि स्वतन्त्र विश्वको विजय हुन्छ ।

"संयुक्त राज्य अमेरिकालगायत अधिकांश पश्चिमा सरकारहरूले एक दिन प्यालेस्टिनी राज्यलाई मान्यता दिन इच्छुक छन् तर यसका लागि प्यालेष्टाइनको अन्तिम सीमा र जेरुसेलमको स्थितिजस्ता जटिल मुद्दाहरूमा सहमति हुनु आवश्यक हुने उनीहरूको धारणा रहेको छ ।

# आपुर्ति प्रतिबन्ध हटाउन इजरायललाई डब्लुएचओ प्रमुखको आग्रह

**सिन्ह्वा**

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का प्रमुख टेड्रोस एधानोम घेब्रेयससले इजरायललाई गाजामा चिकित्सा सहायता आपूर्तिमा नाकाबन्दी हटाउन आग्रह गर्नुभएको छ । उहाँले गाजाको युद्ध क्षेत्रमा करिब ७०० जना गम्भीर बिरामी फसेका बताउँदै चिकित्सा सहायता प्रभावित गरेको र बिरामीलाई अस्पतालको पहुँचसम्म पुग्न गाह्रो बनाएको टेड्रोसले उल्लेख गर्नुभयो ।उत्तरी गाजामा दुईवटा मात्र अस्पतालहरूले सेवा प्रवाह गरिरहेको तर उक्त सेवा अपुग देखिएकोले स्वास्थ्य सेवाहरू प्रदान गर्ने वातावरण बनाउन सम्बन्धित सबैको ध्यान जानुपर्ने डब्लुएचओ प्रमुख घेब्रेयससले बताउनुभयो ।





सामग्रीको अभावलाई तत्काल सम्बोधन गर्न विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो ।

इजिप्टबाट गाजामा प्रवेश गर्ने सीमा क्षेत्र दुई हप्तादेखि बन्द हुँदा गाजामा आपतकालीन स्वास्थ्य आपूर्तिका लागि प्राथमिक पाइपलाइन समेत काटिएको डब्ल्यूएचओका महानिर्देशक घेब्रेयससले जेनेभामा पत्रकार सम्मेलनमा बताउनुभएको हो ।

गाजामा कहाली लाग्दो अवस्था रहेको बताउँदै गाजाको अस्पताल परिसर र वरपरका क्षेत्रमा देखिएको तनावले यहाँको चिकित्सा सेवा क्षमतालाई

उहाँले राष्ट्रङ्घीयको स्वास्थ्य निकायले गाजामा थप सहायता प्रवाह नगरी अस्पताल र जनसंखयालाई जीवन बचाउने सहयोग कायम राख्न नसकेकोमा पनि दुःख व्यक्त गर्नुभयो । डब्ल्यूएचओ र यसका साझेदारहरूले पछिल्लो समयमा अस्पतालमा थोरै मात्रामा इन्धन पुऱ्याउन सफल भएका छन् । गाजामा स्वास्थ्य सेवा सञ्चालनका लागि ठूलो मात्रामा इन्धनको आवश्यकता रहेको तर प्रत्येक दिन आवश्यक पर्ने इन्धनभन्दा निकै कम मात्र आप्रर्ति हुने गरेको उहाँले बताउनुभयो ।

# गाजामा हवाई आक्रमण : दुई हमास नेतासहित पाँच लडाकूको मृत्यु

**एएनआई**

तेल अभिभ । हमासको ट्याङ्क प्रतिरोधी मिसाइल अभियानका प्रमुख नेतामध्ये एक व्यक्ति अहमद् यासेर अलकारासहित पाँच व्यक्ति खान युनूसमा आईडीएफको हवाई आक्रमणमा मारिएका छन् ।



उहाँले गाजा युद्धमा इजरायली रक्षा बल (आईडीएफ) विरुद्ध आक्रमण र आतङ्कवादी षड्यन्त्रको नेतृत्व गर्नुभएको थियो । इजरायलको आतङ्कवाद विरोधी सामान्य सुरक्षा सेवा शिन बेटको गुप्तचर सहयोगमा गरिएको कारबाहीमा अलकारा र गाजा डिभिजनका सूचना प्रणाली प्रमुख फदी सलिमसहित पाँच हमास लडाकू मारिएका छन् । लक्ष्य निर्देशित गर्न सकिने र अधिक विस्फोटक शक्ति भएकाले एन्टी-ट्याङ्क मिसाइलहरू आईडीएफ एकाइहरूका लागि रकेटभन्दा बढी खतरनाक हुन्छन् ।

यसबाहेक, इजरायली वायु सेनाका लडाकु विमानहरूले आईडीएफ दक्षिणी कमान्ड र इन्टेलिजेन्स विङको निर्देशनमा उत्तरी गाजा पट्टीको डार्ज टफाह क्षेत्रको फाहमी अल्जेरजावई विद्यालय परिसरबाट सञ्चालन गरिरहेका पाँच हमासलाई मारेका थिए ।गाजाको जनसंख्यालाई आफ्नो अनुकुल प्रयोग गर्दा हमासले नागरिकहरूलाई सुरक्षा कवचका रूपमा प्रयोग गरेको र खान युनुसको कारबाहीमा हमास नेताको मृत्यु हुनुले यसलाई पुष्टि गरेको आईडीएफले जनाएको छ ।

# भारतमा वेपत्ता बंगालादेशी सांसद्को खोजी सुरू

**एएनआई**

नयाँदिल्ली । गत हप्तादेखि भारतबाट बेपत्ता भएका बङ्लादेशको सत्तारूढ पार्टी अवामी लिगका सांसद्को खोजी गर्न उच्चस्तरीय खोजी अभियान सुरु भएको छ ।



बेपत्ता सांसद अनवारुल आजिम मे १२ मा भारत प्रवेश गरी मे १३ मध्यान्नतिर साथीहरूसँग मेडिकल जाँचका लागि कोलकाता नजिकैको बिधाननगरको घरमा अन्तिम पटक देखिएको उहाँको पारिवारिक स्रोतले जनाएको छ ।

कोलकाताको बिधाननगरमा बस्दै आएका उहाँ निकट स्रोतका अनुसार आजिमले दिल्ली जाने बताउनुभएको थियो तर मे १३ देखि हालसम्म उहाँसँग सम्पर्क भएको छैन । ढाकामा उहाँको परिवारलाई बिधाननगरका साथीले उहाँ दिल्लीतर्फ जाने बताएको मोबाइल सन्देशमार्फत् जानकारी गराएको बताइएको छ । रासस

# इरानी राष्ट्रपति राईसीको अन्त्येष्टिमा हजारौ भेला


**एएफपी**

तेहरान । गत आइतबार हेलिकप्टर दुर्घटनामा दिवङ्गत भएका इरानी राष्ट्रपति इब्राहिम राइसी र विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियानलगायतको टोलीको अन्त्येष्टि समारोहमा सहभागी हुन दशौं हजार इरानी नागरिक बुधबार तेहरानको सडकमा भेला भएका छन् ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अलीखामेनीलेराष्ट्रपतिरायसी,विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियनलगायत हेलिकप्टर दुर्घटनामा मृत्यु भएका सबैका लागि प्रार्थना गर्ने कार्यक्रम रहेको तेहरान विश्वविद्यालय र वरपर राईसीका प्रशंसकहरूले उहाँको तस्वीर बोकेर भेला भएका इरानी सञ्चारमाध्यमले देखाएका छन् ।

अजरबैजानसँगको सीमामा बाँध परियोजनाको उद्धाटन समारोहमा सहभागी भएपछि उत्तरी इरानको ताब्रीज शहर जाने क्रममा आइतबार उत्तरी इरानको कुहिरोले ढाकेको पहाडमा राईसी सवार हेलिकप्टर दुर्घटनाग्रस्त भएको थियो ।

सरकारी टेलिभिजनले सोमबार बिहानै रायसीको निधन भएको घोषणा गरेको हो ।खामेनीको उत्तराधिकारीका रूपमा सर्वोच्च नेताका रूपमा अपेक्षा गरिएका राईसी ६३ वर्षको हुनुहुन्थ्यो ।राजधानीमा दिवङ्गत राष्ट्रपति रायसीलाई 'सेवाका शहीद' भनेर प्रशंसा गर्दै ठूल्ठूला ब्यानर टाँगिएका छन् भने उनीहरूले आफूहरू 'विपन्नका सेवक' नेताको अन्तिम बिदाइमा सरिक हुन उपस्थित भएको जनाएका छन् ।



विदेशी उच्चपदस्थ अधिकारीसमेतको सहभागिता रहने उक्त जुलुस विश्वविद्यालयबाट निस्केर शहरको मध्यभागमा रहेको विशाल एन्घेलाब स्क्वायरमा जाने योजना रहेको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।ताब्रिज शहर र कोम कोमको शिया लिपिक केन्द्रमा हजारौंको स‍ख्यामा कालो पहिरनमा शोक मनाइरहेका मानिसको उपस्थितिमा दिवङ्गत राष्ट्रपति र उहाँको भ्रमण दलमा रहेको टोलीको अन्त्येष्टि संस्कार मङ्गलबारदेखि सुरु भएको हो ।

तेहरानबाट शवलाई दक्षिण खोरासान प्रान्तमा लगिने छ र त्यसपछि उत्तरपूर्वमा रहेको राईसीको गृह नगर मशादमा लगिनेछ, जहाँ बिहीबार साँझ इमाम रेजा दरगाहमा इस्लामिक परम्परा अनुसार अन्तिम संस्कारपछि उहाँको अन्त्येष्टि गरिनेछ ।खामेनीले इरानी संविधान अनुसार राष्ट्रपति रायसीको मृत्युपछि उहाँको सम्मानमा पाँच दिनको राष्ट्रिय शोकको घोषणा गर्नुभएको छ भने ६८ वर्षीय उपराष्ट्रपति मोहम्मद मोख्तरलाई आगामी जुन २८ मा हुने निर्वाचनसम्म कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी तोक्नुभएको छ ।

इरानले शीर्ष आणविक वार्ताकार अली बागेरीलाई कार्यवाहक विदेशमन्त्रीको जिम्मेवारी दिएको छ ।इरानी सशस्त्र बलका प्रमुख मोहम्मद बागेरीले हेलिकप्टर दुर्घटनाको कारणबारे अनुसन्धान गर्न सुरक्षा निकायलाई आदेश दिनुभएको छ ।इरानको आणविक गतिविधिलाई लिएर अमेरिकी प्रतिबन्धका कारण अर्थतन्त्र धरासायी भइरहेका बेला रायसी सन् २०२१ मा उदारवादी हसन रौहानीको स्थानमा राष्ट्रपति निर्वाचित हुनुभएको थियो ।

# सिटिजन्स बैंक र न्यूरो कार्डियो एण्ड म्लटीस्पेसियालिटी हस्पिटलबीच समझदारी



टुडे समाचारदाता

जनकपुरधाम। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड रबिराटनगर, मोरङस्थित न्यूरो कार्डियो एण्ड म्लटीस्पेसियालिटी हस्पिटलबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइलबैंकिङ्गग्राहकहरूले न्यूरो कार्डियो एण्ड म्लटीस्पेसियालिटी हस्पिटलका सेवाहरुमा १०% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ४० हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# राष्ट्रिय वाणिज्य बैंक र मुद्रण विभागबीच सम्झौता




काठमाण्डु। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र मुद्रण विभागबीच विभागका कर्मचारीलाई 'पेसाकर्मी सरल कर्जा प्रवाह' गर्न सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र विभागका महनिर्देशक रेखा कँडेलले बुधबार आयोजित कार्यक्रममा हस्ताक्षर गर्नुभयो । सम्झौता भएपश्चात विभागमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई विभागको सिफारिसमा अधिकतम रु १५ लाखसम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेसाकर्मी सरल कर्जा प्रवाह गर्ने जनाइएको छ।

बैंकले आधार दरमा दुई प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ। हाल बैंकको आधार दर ७/३५ प्रतिशत रहेको छ । सम्झौताअनुसार विभागका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ। यस सम्झौतापश्चात् दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ।

सो अवसरमा विभागका वरिष्ठ मुद्रण अधिकृत पद्मराज पाठक, बैंकका विभागीय प्रमुख राज्यलक्ष्मी खड्गी, बैंकका सिंहदरबार परिसर शाखाका शाखा प्रबन्धक अनिश रायमाझीलगायतको उपस्थिति रहेको थियो । बैंकको हाल ७७ जिल्लामा २८७ शाखा कार्यालय, तीन सय आठ एटिएम र ७१ एक्स्टेन्सन काउण्टर रहेको बैंकद्वारा बुधबार जारी विज्ञप्तिमा जनाइएको छ ।रासस

# बजेट अभावमा खानेपानी आयोजना अधुरै

ढोरपाटन । बागलुङमा वर्षौं अगाडि सुरु भएका खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन सकेका छैनन् । जिल्लाका पाँच ठूला खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन नसकेका हुन् । निरन्तर बजेट परेको अवस्थामा दुई वर्षमा सकिने ती आयोजना वर्षौंसम्म पनि अधुरै छन्।

बडिगाड गाउँपालिका-३ मा चरम खानेपानीको अभाव भएपछि आर्थिक वर्ष २०६७/६८ मा जिल्ला खानेपानी कार्यालयबाट ओखरगैंडा खानेपानी आयोजना परेको थियो । उक्त आयोजना हालसम्म पनि सम्पन्न हुन सकेको छैन ।रु दुई करोड ८५ लाख २९ हजारमा काम सक्ने गरी सुरु भएको आयोजना १२ वर्षसम्म पनि ६४ प्रतिशत मात्रै काम भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ । आयोजनाको लागत ठूलो हुने तर बजेट कम पर्दा समयमै सम्पन्न हुन नसकेको कार्यालयका प्रमुख किरण पौडेलले बताउनुभयो।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु १५ लाख मात्रै विनियोजन गरेको भन्दै आयोजना सम्पन्न गर्न अझै रु एक करोड चार लाख ७० हजार आवश्यक पर्ने उहाँको भनाइ छ। उहाँका अनुसार यो योजनाका लागि हालसम्म रु एक करोड ८० लाख ५६ हजार खर्च भएको छ । ढोरपाटन नगरपालिका-२ र ३ मा आर्थिक वर्ष २०७४/७५ मा पम्पिङ खानेपानी आयोजना परेको थियो । आयोजना परे पनि लामो समय बजेट नपर्दा हालसम्म २५ प्रतिशत मात्रै काम भएको छ। चालु आवमा सरकारले रु १५ लाख विनियोजन गरेको थियो।

रु पाँच करोड ३४ लाख ५२ हजार लागतमा निर्माण हुन लागेको उक्त आयोजना सम्पन्न गर्न अझै रु तीन करोड आवश्यक पर्ने खानेपानी डिभिजन कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो । हालसम्म यो आयोजानामा रु ८५ लाख ७९ हजार खर्च भएको उहाँको भनाइ छ ।जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेको उपल्लाचौरमा आर्थिक वर्ष २०७५/७६ मा लामिचौर रमेटार खानेपानी आयोजना सञ्चालन भएको थियो । रु तीन करोड १४ लाख एक हजार लागतमा निर्माण थालिएको उक्त आयोजनाको हालसम्म ४५ प्रतिशत काम सम्पन्न भएको छ।

चालु आवमा प्रदेश सरकारबाट रु १५ लाख बजेट विनियोजन भएको डिभिजन प्रमुख पौडेलले बताउनुभयो। उहाँका अनुसार आयोजना सम्पन्न गर्नका लागि अझै रु तीन करोड ५५ लाख छ हजार आवश्यक पर्दछ । आव २०७६/७७ मा जिल्लाको बडिगाड गाउँपालिकामा भिरकटेरा खानेपानी आयोजना निर्माण सुरु गरिएको थियो। रु दुई करोड ९९ लाख ७९ हजार लागतमा निर्माण सुरु भएको आयोजनको हालसम्म ५० प्रतिशत मात्रै काम सम्पन्न भएको छ।

चालु आवमा उक्त आयोजनाका लागि रु १० लाख बजेट विनियोजन भएको जनाउँदै आयोजना सम्पन्न गर्न थप रु एक करोड ४० लाख आवश्यक पर्ने प्रमुख पौडेलले बताउनुभयो। उहाँका अनुसार यस आयोजनामा हालसम्म रु तीन करोड १४ लाख एक हजार खर्च भइसकेको छ ।बडिगाड गाउँपालिका-४, ५ र ८ मा आव २०७६/७७ मा नेटाखर्क जलजला बृहत् खानेपानी आयोजना सुरु भएको थियो । छ करोड नौ लाख ९० हजार लागत निर्माण हुन थालेको यस आयोजनाको हालसम्म २० प्रतिशत काम सकिएको छ।

चालु आवमा प्रदेश सरकारबाट रु १० लाख विनियोजन भएको भन्दै आयोजना सकिन अझै रु तीन करोड ७९ लाख ९४ हजार लाग्ने प्रमुख पौडेलले बताउनुभयो । यस आयोजानमा हालसम्म रु ६६ लाख २५ हजार मात्र खर्च भएको उहाँको भनाइ छ ।"आयोजना निकै ठूला-ठूला छन् तर बजेट थोरै आउँदा समयमै काम सम्पन्न गर्न समस्या भएको छ । करोडौंका आयोजना छन्, बजेट रु १०/१५ लाख मात्रै आउँछ, यसरी हेर्दा एउटा आयोजना सकिन वर्षौं लाग्ने देखिन्छ", प्रमुख पौडेलले भन्नुभयो, "बजेट अभावका कारण चाहेर पनि समयमै काम सम्पन्न गर्न सकिरहेका छैनौं। आएको जति बजेटले धमाधम काम गरिरहेका छौं।"

ढोरपाटन नगरपालिका-२ का विकास सुनारले आयोजना सुरु भएको सात वर्षसम्म जम्मा २५ प्रतिशत काम हुनु दुःखद भएको बताउनुभयो । हिउँदको समयमा बुर्तिबाङसहित आसपासका ठाउँहरुमा खानेपानीको चरम अभाव हुने भन्दै यसतर्फ सरोकार भएकाको ध्यान नजाँदा आयोजनाको कामले गति लिन नसकेको उहाँको गुनासो छ।

यहाँका हजारौं नागरिक वर्षौंदेखि खानेपानीका लागि लाइन कुर्नुपर्ने बाध्यतामा रहेका भन्दै ती आयोजना सरकारको प्राथमिकतामापर्ननसकेकोसुनारले बताउनुभयो । "कतै करोडौंका योजना पर्छन्, करोडौं बजेट पनि पुग्छ, तर यहाँका हजारौं जनता खानेपानीको समस्याबाट ग्रसित छन्, आयोजना सुरु पनि भएको वर्षौं बितिसक्दा पनि बजेट अभावले काम सम्पन्न भएका छैनन्", उहाँले भन्नुभयो, "करोडौंका आयोजनामा जम्मा रु १५ लाख आउँछ, यसरी २०औं वर्षसम्म पनि काम सकिँदैन, जनता सधैं खानेपानीको समस्यामा हुन्छन्।"रासस



"करोडौंका आयोजना छन्, बजेट रु १०/१५ लाख मात्रै आउँछ, यसरी हेर्दा एउटा आयोजना सकिन वर्षौं लाग्ने देखिन्छ, प्रमुख पौडेलले भन्नुभयो, बजेट अभावका कारण चाहेर पनि समयमै काम सम्पन्न गर्न सकिरहेका छैनौं ।

# क्यानडामा पर्यटन प्रवर्द्धन कार्यक्रम



काठमाण्डु। आर्थिक कूटनीति सञ्चालनको सिलसिलामा क्यानडाको एडमन्टन सहरमा पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरियो।

ओटावास्थित नेपाली राजदूतावासले आयोजना गरेको उक्त कार्यक्रममा अलबेर्टाको प्रान्तीय सरकारका प्रमुख सचेतक एवं आर्थिक विकाससम्बन्धी संसदीय कार्यालयका सचिव साने गेत्सन र एडमन्टन सहरका प्रमुख, यात्रा व्यवस्थापन गर्ने कम्पनी, पत्रकार, पर्यटनमा मात्र केन्द्रित रहेर लेख्ने 'ब्लगर', गैरआवासीय नेपाली सङ्घका पदाधिकारीको उपस्थितिमा कार्यक्रम भएको थियो।

त्यस अवसरमा क्यानडाका लागि नेपाली राजदूत भरतराज पौड्यालले कला, संस्कृति, परम्परा, रहनसहन, प्राकृतिक सौन्दर्य, जैविक विविधता, विशाल हिमशृङ्खला र अतिथिको सधैं सत्कारमा रमाउने नेपालीको देश हरेक उमेर समूहका लागि आकर्षकको केन्द्र भएको बताउँदै एकपटक नेपालको भ्रमण गर्न आह्वान गर्नुभएको ओटावास्थित नेपाली राजदूतावासले जनाएको छ।

राजदूत पौड्यालले गैरआवासीय सङ्घका पदाधिकारी एवं त्यहाँ रहेका अन्य नेपाली नागरिकले आफ्ना मित्रहरुलाई एकपटक नेपाल भ्रमण गर्न प्रोत्साहित गर्नुपर्नेमा जोड दिँदै पत्रकार तथा यात्रा व्यवस्थापन गर्ने पर्यटन व्यवसायीलाई पनि नेपाल भ्रमणमा आफ्ना ग्राहक पठाउन अनुरोध गर्नुभयो।

अलबेर्टाको प्रान्तीय सरकारका प्रमुख सचेतकले आफ्नो प्रान्तमा कार्यक्रम आयोजना गरेकामा नेपाली दूतावासप्रति कृतज्ञता व्यक्त गर्दै एडमन्टन सहर र नेपालबीच पर्यटनका क्षेत्रमा सहकार्य गर्ने प्रशस्त सम्भावना रहेको बताउनुभयो।

उहाँले कार्यक्रमका सहभागीलाई नेपाल भ्रमण गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा नेपालका प्रमुख पर्यटकीय गन्तव्य क्षेत्रहरूको भिडियो प्रस्तुतिका साथै नेपाली उत्पादन चिया, कफी, पस्मिना सल, हस्तकलाका सामग्री पनि प्रदर्शनीमा राखिएका थिए। नेपाली कलाकारको एक टोलीले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।रासस

# जैविक विविधता र आनुवंशिक स्रोत नासिँदै

गलेश्वर । जलवायु परिवर्तनका असर, वन डढेलो, अव्यवस्थित विकास तथा मानवीक क्रियाकलापका कारण म्याग्दीको जैविक विविधता तथा आनुवंशिक स्रोतहरु नासिँदै गएका छन् । । म्याग्दीमा विशेषगरी ताल, सिमसार र कालीगण्डकी क्षेत्रको जैविक विविधता, रैथाने बाली, पुतलीका प्रजाती र पक्षी सङ्कटमा पर्दै गएका वन तथा वातावरण संरक्षण क्षेत्रका जानकारहरूले बताएका छन्।

संरक्षणकर्मी तिलक सिग्देलले शालग्राम शिला पाइने कालीगण्डकी नदी क्षेत्रमा मानवीय लापरबाही र जलवायु परिवर्तनका कारण जलचर तथा जैविक विविधता नासिँदै गएको बताउनुभयो । यस्तै आनुवंशिक स्रोत र जैविक विविधताले युक्त म्याग्दीका ग्रामीण क्षेत्रबाट विभिन्न ९८ जातका रैथानेबाली लोप हुने अवस्थामा पुगेका छन् । एकदशक अघिसम्म यहाँका किसानले उत्पादन गर्दै आएका रैथाने बालीका साथै जिल्लाका ग्रामीण भेगमा पाइने वनस्पति अहिले लोप हुने अवस्थामा पुगेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ।

स्थानीय प्राकृतिक स्रोत, स्रोतको उपभोग गर्ने तरिका, रैथाने बीउविजन, उच्च पहाडी तथा हिमाली क्षेत्रमा मात्र पाइने जडीबुटी, फूल, पुतलीका प्रजाति र जीवाणुसम्मका जैविक पदार्थ चोरी हुनेक्रम बढेसँगै जिल्लामा रैथाने स्रोत लोप हुने अवस्थामा पुगेका स्थानीय तहका कृषि प्राविधिकहरूले बताउने गरेका छन् । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले करिब एक दशकअघिदेखि यहाँ रहेका रैथाने प्रजातिका खाद्यान्न, हिउँदे बाली, दलहन र तेलहन बाली, फलफूल, बीउ, जुनेलो, सिलाम, आँगा, मार्सी, गुड्रा, गौरिया, जौलगायत धान, घैया, उवाका बाली तथा बीउ लोप हुँदै गएका बताउनुभयो। अगुवा किसान चन्द्रबहादुर कार्कीले रैथाने प्रजाती लोप हुँदै गए पनि कृषिउपज संरक्षण र विकास गर्ने जिम्मा लिएका कृषि ज्ञान केन्द्रजस्ता निकायले संरक्षणका लागि कार्यक्रम सञ्चालन गर्न नसकेको बताउनुभयो । "आयातित बीउबिजनको प्रयोग बढ्दै गएपछि यहाँका किसानको घरका भित्तामा पाकेकाफर्सी,काँक्रा,घिरौंलालगायतका बीउ टाँस्न छोडेका छन्", उहाँले भन्नुभयो, "धान, गहुँ, मकैलगायत बालीका लागि बीउसमेत साँचेर राख्न छाडेका छन् तर यसतर्फ सरकारी निकायको ध्यान जान सकेको छैन।"

सरकारले विशेष गरी घैया, कोदो, लट्टे, कागुनो र फापरलाई रैथाने खाद्यका रूपमा विस्तार गर्दै लैजाने योजना बनाएको छ तर भारतलगायत विभिन्न देशबाट ती वस्तुको आयात बर्सेनि बढ्दोक्रममा छ। कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले स्वास्थ्यवर्द्धक मानिएका रैथाले बाली लोप हुँदा पनि संरक्षणको पहल नहुनु चिन्ता विषय भएको बताउनुभयो । "यस क्षेत्रमा कोदोको परिकार खाने परम्परा कम हुँदै गएको छ, आयातित चामलको प्रयोग बढ्सँगै फापर, लट्टे, कागुनो, जौंलगायतका खाद्यपदार्थसमेत प्रयोग हुन छाडेका छन्। अब स्थानीय किसानलाई प्रोत्साहन गर्ने नीति अख्तियार गर्न जरूरी छ।"

'हाइब्रिड' तथा उन्नत जातका बीउको प्रयोग बढ्दै गएकाले रैथाने बाली लोपहुँदै गएको उहाँको बुझाइ छ । सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाअन्तर्गत रैथाने बालीलाई प्राथमिकता दिए पनि किसान रैथाने बाली संरक्षणतर्फ आकर्षित देखिएका छैनन्। "पछिल्लो समय मकै उसिनेर खाने प्रचलन बढ्दै छ तर नेपाली मकैलाई विस्थापन गर्दै चीनबाट 'वेक्स क्रप' ९मकै० गर्नुपर्ने अवस्था छ । सहरबजारमा कोदीको ढिडो खाने संस्कृति पनि मौलाउँदै छ तर गाउँघरमा त्यसको उत्पादन हुन छाडिसकेको अवस्था छ । यस विषयमा अब कसले चिन्ता गर्ने ?, उहाँले पश्न गर्नुभयो।

मालिका गाउँपालिका-६ का किसान भीमबहादुर सिउथानीले गाउँघरमा परिवारलाई आवश्यक पर्ने खाद्यसामाग्री मात्र उत्पादन गर्दा व्यावसायिक उत्पादनको प्रचलन हराउँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । "अहिले रैथाने मानिएका कोदो, फापर, कागुनो, लट्टेजस्ता बाली धेरैले लगाउने छाडिसकेका छन् । खेती गर्नेले पनि आफ्नै परिवारलाई आवश्यक पर्ने जतिमात्रै रोप्ने गरेका छन्। सरकारले रैथाने बाली बचाउन अनुदानको व्यवस्थासमेत गरेको तर त्यसबाट स्थानीय किसानले लाभ लिनसकेका छैनन्। यसतर्फ पनि सरकारको ध्यान जाओस्", उहाँले भन्नुभयो।

एकातिर रैथानी बाली लोप हुँदै छन्। अर्कोतिर बाढीपहिरो, अनियन्त्रित र जथाभावि नदी दोहनका कारण नदी तथा खोलाबाट जलचर प्राणी संकटमा छन् । डढेलो, बाढीपहिरो र मानवीय अतिक्रमणका कारण जैविक मार्ग नासिनुका साथै लोपोन्मुख प्रजाति र तीनको बासस्थानमा गम्भीर क्षति पुगेपछि उच्च लेकाली क्षेत्रको जैविक विविधतासमेत सङ्कटमा पर्दै गएको छ।

त्यसैगरी पश्चिम म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट गाउँको सिरानमा रहेको बराह ताल, विमको वाइन्दाफाँटमा रहेको बराहताल, गाईखर्क ताल र भाले बास्ने तालको जैविक विविधता पनि नाश हुँदै गएको स्थानीयवासीले बताएका छन् ।रासस


## श्री राष्ट्रिय प्राथमिक विद्यालय

जनकपुरधाम उ.म.न.पा.-२४, बसहिया, सोनापाडा (धनुषा) नेपाल

### बौली पोखरीको गोप्य बोलपत्र सम्बन्धी सूचना

यस विद्यालयको अधिनस्तमा रहेको पोखरीको मिति २०८१/०१/२७ को निर्णय अनुसार तपसलिमा उल्लेखित पोखरीमा माछापालन गर्न गोप्त बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा सो पोखरीको निम्न शर्तहरुको आधारमा ठेक्का लिन सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | साबिक गा.वि.स. बसहिया वा.नं. | कित्ता नं. | क्षेत्रफल | न्यूनतम रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ (क) | २१ | १-८-८ | ४,००,५००।- (चार लाख पाँच सय) | बौली पोखरी |

**शर्तहरू :-**

१. बोलपत्र फाराम दस्तुर रु. १००५।- फिर्ता नहुने गरी विद्यालयबाट प्रमाणित फाराम खरिद गर्नु पर्नेछ।
२. ठेक्का अवधी २०८१/२/१७ गते देखि २०८६ साल जेष्ठ १६ गते सम्म जम्मा ५ (पाँच) वर्षको हुनेछ।
३. यस विद्यालयको कुनै किसिमको बाँकी बक्यौता रकम राखेको व्यक्तिको नाउँमा बोलपत्र स्वीकृत हुने छैन।
४. पोखरीमा माछापालन मात्र गर्न सक्नेछ।
५. बोलपत्र फाराममा सबभन्दा बढी रकम कबुल गरेकोलाई प्राथमिकता दिइनेछ।
६. धरौटी रकम वार्षिक कबुल रकमको १०% यस विद्यालयको खाता नेपाल बैंक लि. सिटी अफिस जनकपुरको च.हि.नं. ००८००१००४६४३६१००००० मा जम्मा गरी सक्कल भौचर बोलपत्र (टेण्डर) साथ पेश गर्नुपर्नेछ।
७. बोलपत्र फाराम स्वीकृत भएको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम जम्मा गरी चलन पुर्जी लिई सक्नु पर्ने छ सो चलन पूर्जी समय भित्र नलिएमा राखिएको धरौटी रकम जफत गरी ठेक्का रद्द गरिनेछ।
८. धरौटी रकम अन्तिम किस्तामा मिनाहा हुनेछ।
९. बोलपत्र फाराम भने अन्तिम मिति २०८१/२/१७ गते सम्म विद्यालय समय १०:०० बजे देखि ३:०० बजे सम्म।
१०. बोलपत्र फाराम मिति २०८१/२/१७ गते बेलुका ४:०० बजे यस विद्यालयको प्राङ्गनमा खोलिनेछ।
११. बोलपत्र साथ नगद धरौटी राखेमा बोलपत्र स्वीकृत हुने छैन।
१२. रित पूर्वक नभएको बोलपत्र वा म्याद नाघि आएको बोलपत्र फाराम स्वीकृत हुने छैन।
१३. पहिलो वर्षको म्याद समाप्त हुन १ महिना अगाडि दोश्रो किस्ताको रकम बैंकमा जम्मा गरी सो को सक्कल भौचर सहित अर्को सालको लागि चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ। उक्त समय भित्र किस्ता रकम बैंकमा जम्मा नगरेमा अर्को सालको लागि चलन पूर्जी दिइने छैन र ठेक्का रद्द भएको मानिने छ।
१४. तीन भन्दा कम बोलपत्र दर्ता भएमा बोलपत्र स्वीकृत गरिने छैन।
१५. उल्लेखित शर्तहरुको पालन नगरेमा वा समयमा कबुल गरेको रकम नबुझाएमा जुन सुकै बेला ठेक्का बदर गरी कानून कारबाही गरिनेछ।
१६. बोलपत्र खोलिने बखत बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित रहनु पर्ने छ साथै उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन।
१७. ठेक्का स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ।

(**नोट** : अन्य जानकारीको लागि विद्यालय वा मो.नं. ९८४४०३८४६५ मा सम्पर्क गर्नु होला।)

**फारामसंग संलग्न कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२. धरौटी वापत जम्मा गरेको सक्कल भौचर

प्रधानाध्यापक

### सिरोहिया पक्राउ प्रकरण

# नागरिकता दिने कर्मचारी दोषी : अध्यक्ष नेपाल



**टुडे समाचारदाता**

राजविराज। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवम् पूर्व प्रधान मन्त्री माधव कुमार नेपालले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको गिरफ्तारी अचम्भित र दुःखद रहेको बताएका छन्।

राजविराज नगरपालिका- ९ मलेठमा बुधबार नेकपा एकीकृत समाजवादी जिल्ला समितिद्वारा आयोजित बृहत पार्टी प्रवेश तथा अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका छन्।

"सिरोहिया जनकपुरधामको वासिन्दा हो भनेर सबैलाई थाहा भएकै कुरा हो, उनले भने-'एउटै नम्बरको दुई वटा नागरिकता परेको छ भने त्यो दोष नागरिकता पाउने व्यक्तिको होइन, नागरिकता दिने प्रशासनको हो।"

सिरोहियालाई नेपालको नागरिक हो कि होइन भन्ने कुरामा गिरफ्तार गरेको खबरले आफूलाई अचम्भित र दुखित दुबै तुल्याएको चर्चा गर्दै उनले यो गिरफ्तारी राम्रो मिडिया चलाए वापतको दण्ड हो कि, बदलाको भावनाले थालिएको कदम हो ? बुझ्नै कठिन भएको छ उनले भने।

सोधपुछ बाटै अनुसन्धान कार्य सुरु गर्न सकिने अवस्था रहे पनि गिरफ्तार नै गरिनु अचम्म र निन्दनीय विषय भएको उनको भनाई छ।

एक अर्का प्रसंगमा उनले स्थापनाको छोटो समयमै आफ्नो पार्टीमा जनताको आकर्षण बढेको बताए। उनले विना भेदभाव सबैको साथ लिएर अघि बढ्दा सात वटै प्रदेशमा पार्टी थप स्थापित हुँदै गएको र जनताको आकर्षण बढ्दै गएको बताए।

"साथ जिएगें, साथ मरेगें हिन्दी गीत गुनगुनाउदै उनले भने-' तपाईहरुको साथ र सहयोग यसरी नै पाइरहे सुशासन, सामाजिक न्यायको पक्षमा तथा भ्रष्टाचारविरुद्धको हाम्रो अभियानले थप उचाई प्राप्त गर्ने छन्।"

उनले आफ्नो पार्टी सामाजवादको यात्रा अभियानमा निस्केको बताउँदै यस अभियानमा सरिक हुन आम जनसमुदायलाइ आग्रह समेत गरे। अध्यक्ष नेपालले आफ्नो पार्टी जनताको चाहना अनुसार शासन चल्न सकोस भन्ने चाहेको बताउँदै अहिले मुलुकमा राजनीतिक स्थायित्व कायम रहोस भन्ने उद्देश्यले पनि वर्तमान सरकारलाई समर्थन गरेको बताए। मधेश प्रदेश सरकार परिवर्तनको सन्दर्भमा उनले भने- "अहिले हामी वर्तमान सरकारमा सहभागी छौं, भोलिको अवस्था कस्तो बन्ला त्यो परिस्थितीमा भर पर्छ।"

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी प्रवेश गरेका ५ सय भन्दा बढी नवप्रवेशीलाई कार्यक्रमका प्रमुख अतिथी अध्यक्ष नेपालले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए। नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रीय उपाध्यक्ष धर्मनाथ साह, सचिवालय सदस्य पूर्व मन्त्री रामचन्द्र झा, मधेश प्रदेशका कृषि मन्त्री गोविन्द न्यौपाने, पूर्वमन्त्री राम चन्द्र यादव लगायतले पनि देशको वर्तमान अवस्था र पार्टीको भूमिका बारे आ-आफ्नो धारणा राखेका थिए।

# व्यावसायिक उत्पादनका लागि तयार औजार कारखाना

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय आविष्कार केन्द्रले वीरगञ्ज कृषि औजार कारखाना व्यावसायिक उत्पादनका लागि तयार रहे पनि कच्चा पदार्थ आयातमा समस्या देखिएको जनाएको छ। करिब एक दर्जन मेसिनबाट परीक्षण उत्पादन गरेसँगै केन्द्रले कारखाना व्यावसायिक उत्पादनका लागि तयार रहेको जनाएको छ।

उद्योगका लागि आवश्यक कच्चा पदार्थ आयातमा भन्सार महसुल उच्च हुँदा उत्पादन लागत बढ्ने र बजारमा प्रतिस्पर्धा गर्न नसक्ने भन्दै आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा लिखित निवेदन दिएका छन्।

फलामजन्य उद्योगका लागि पाता, पाइप लगायतका कच्चा पदार्थ आवश्यक पर्दछ। यस्ता वस्तुको भन्सार महसुल १५ देखि ३० प्रतिशतसम्म छ। सरकारले केही कृषिजन्य औजारको भन्सार महसुल छुट गरेको छ र कृषि औजार बनाउन आवश्यक कच्चा पदार्थमा भने चर्को भन्सार महसुल लगाएको छ।

'परीक्षण उत्पादनका लागि अहिले हामीले लोकल बजारबाटै कच्चा पदार्थ लिएका छौँ, तर अब व्यावसायिक उत्पादन गरेर बजारमा प्रतिस्पर्धा गर्न कच्चा पदार्थ आयातमा भन्सार महसुल छुट हुनुपर्‍यो भन्ने हाम्रो माग हो,' वीरगञ्ज कृषि औजार कारखानाका सिनियर मेकानिकल इन्जिनियर रितेश देवले भने।

यसबारे आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा अनुरोध गरेको तर सरकारको तर्फबाट कुनै ठोस निर्णय नआएको सिनियर मेकानिकल इन्जिनियर देवको भनाइ छ।

वीरगञ्ज कृषि औजार कारखानाले केराको थामबाट फाइबर निकाल्ने मेसिन,




वीरगञ्ज कृषि औजार कारखानाले केराको थामबाट फाइबर निकाल्ने मेसिन, धान काट्ने मेसिन, आलु गोड्ने, आलु रोप्ने मेसिन, घाँस तथा पराल काट्ने मेसिन, खाल्टो खन्ने औजार, घाँस खुर्किने र ड्याङ्ग बनाउने मेसिन, बिउ रोप्ने मेसिन, आधुनिक कोदालोको परीक्षण उत्पादन गरिसकेको छ ।

धान काट्ने मेसिन, आलु गोड्ने, आलु रोप्ने मेसिन, घाँस तथा पराल काट्ने मेसिन, खाल्टो खन्ने औजार, घाँस खुर्किने र ड्याङ्ग बनाउने मेसिन, बिउ रोप्ने मेसिन, आधुनिक कोदालोको परीक्षण उत्पादन गरिसकेको छ।

कृषि औजार कारखानाका अर्का मेकानिकल इन्जिनियर अरुण साहले परीक्षण सफल भएका एक दर्जन मेसिन उत्पादन गरेर बजारमा पुर्‍याउन कारखाना तयारी अवस्थामा रहेको जनाए।

पछिल्लो समय कारखाना सञ्चालनका लागि ५ सय केभीको ट्रान्सफर्मर लाइन जडान भएर आन्तरिक विद्युतीकरणको काम सुरु भएको छ। ५ सय केभीको ट्रान्सफर्मर जडानका लागि नेपाल विद्युत् प्राधिकरणले कारखानालाई २० लाख रुपैयाँ अनुदानस्वरुप दिएको छ भने १० लाख रुपैयाँ आविष्कार केन्द्रले लगानी गरेको छ।

मेकानिकल इन्जिनियर साहले कृषि औजार कारखानामा व्यावसायिक उत्पादनको लागि कच्चा पदार्थ आयातमा समस्या भएको बताए। 'अहिलेसम्म हामीले लोकल बजार (वीरगञ्ज) बाटै पाता, फलामको सिटहरू ल्याएर काम गरिरहेका छौँ भने केही बेरिङ्ग काठमाण्डुबाट मगाएका छौँ। तर भारतबाट आयात गरेका छैनौँ,' इन्जिनियर स ाहले भने।

पहिला कृषि औजारमा केन्द्रित भए पनि अहिले आफूहरू कृषि मेसिनहरूको व्यावसायिक उत्पादनमा केन्द्रित रहेको उनको भनाइ छ।

कृषि औजार कारखाना सञ्चालनका लागि पछिल्लो समय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले आफ्नो जीवनीमा आधारित 'महावीर पुन- सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक प्रकाशन गरेर बिक्री गरेका छन्। हालसम्म ९० हजारभन्दा बढी पुस्तक बिक्री गरेर करिब ५ करोड रकम सङ्कलन गरिसकेको जनाइएको छ।

२०५९ सालदेखि बन्द रहेको कारखाना महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रको पहलमा सञ्चालनमा आएको छ। गत वर्ष असोज ११ गते अर्थ मन्त्रालय र आविष्कार केन्द्रबीच भएको सम्झौतामा कारखाना सञ्चालनका लागि पहिलो चरणको मर्मतसम्भार र सञ्चालन खर्च सरकारले बेहोर्ने भनिए पनि सरकारले अनुदानमा कारखाना सञ्चालनमा खर्च नदिएपछि आविष्कार केन्द्रले पुस्तक बिक्री गरेको रकमबाट कारखाना सञ्चालनको तयारी गरेको छ।

तत्कालीन सरकार र सोभियत सङ्घ (रुस) सरकारको संयुक्त लगानीमा निर्माण भएको सो कारखाना २०२४ साल फागुन २८ गतेदेखि सञ्चालनमा आएको थियो। बन्द भएको करिब ३ दशकपछि आविष्कार केन्द्रले कारखानाभित्र रहेका ६० वर्ष पुराना मेसिन मर्मतसम्भार गरेर गत वर्षदेखि परीक्षण उत्पादन सुरु गरेको छ।

राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख महावीर पुनले मेसिनहरूको व्यावसायिक उत्पादनका लागि आवश्यक कच्चा पदार्थ आयातमा भन्सार महसुल छुट नदिए उत्पादन लागत बढेर बजारमा प्रतिस्पर्धा गर्न गाह्रो हुने बताए। 'चर्को भन्सार महसुल तिरेर कच्चा पदार्थ आयात गरेर सामान उत्पादन गर्दा लागत बढी पर्ने भएकाले प्रतिस्पर्धा गर्न सकिन्छ/सकिँदैन भन्ने समस्या छ,' पुनले भने। भन्सार महसुल छुट दिनुपर्‍यो भन्ने माग आफूहरूको मात्र नभएर अधिकांश फलामजन्य उद्योगको माग रहेको उनको भनाइ छ।

# अभिमुखीकरण सम्पन्न




**टुडे समाचारदाता**

गौर। रौतहटमा "जिल्ला खोप समन्वय समिति तथा संचारकर्मीहरु" संग एक दिने अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ।

यही जेठ १३ गते देखि राष्ट्रिय अभियानको रुपमा संचालन हुन गईरहेको "आइपीभी खोप अभियान २०८१" पूर्ण रुपमा सफल पार्न संचारकर्मीका भूमिका अति नै महत्वपूर्ण रहने गरेका छन्।

"आइपीभी खोप अभियान २०८१" जिल्ला स्वास्थ्य कार्यालय रौतहटद्वारा बुधवार गौरमा "जिल्ला खोप समन्वय समिति तथा संचारकर्मीहरु" संग एक दिने अभिमुखीकरण गोष्ठीको आयोजना गरिएको छ।

दुई चरणमा संचालन गरिने आइपीभी खोप अभियान २०८१ अन्तर्गत रौतहट जिल्लामा पहिलो चरणमा फतुवा विजयपुर, मौलापुर, गढीमाई, चन्द्रपुर, गुजरा, वृन्दावन, गरुडा नगरपालिका र दुर्गा भगवती, यमुनामाई गाउँपालिकामा जेठ १३ देखि १७ गते सम्म संचालन हुनेछ।

यसैगरी दोस्रो चरणमा राजपुर, इशनाथ, गौर राजदेवी, देवाही गोनाही, कटहरिया, बौधीमाई, माधवनारायण र परोहा नगरपालिकामा २१ देखि २६ गते सम्म संचालन हुने जिल्ला खोप संयोजक अनिल कर्णले जानकारी दिए।

२०७३ बैशाख १ गते देखि २०७५ असोज मसान्त भित्र जन्मिएका बालबालिकाहरुलाई आइपीभी खोप लगाउने बताउँदै रौतहट जिल्लामा ३७ हजार ८४७ लक्ष्य रहेकोमा ३९ हजार डोज खोप आईसकेको उनले भने।

देशैभरि एक साथ सुरु हुने यस अभियानलाई पूर्ण रुपमा सफल बनाइदिन संचारमाध्यमको अति नै महत्वपूर्ण भूमिका रहेको हुँदा सकारात्मक भई समाचार संप्रेषण गरिदिन हुन उनले आग्रह गरे।

विश्व स्वास्थ्य संगठन जनकपुरधामका फिल्ड अफिसर डा. सुरेश शक्लाले नेपालमा आइपीभी खोप सेवा अभियान २०७१ असोज मसान्त देखि सुरु गरिए तर २०७३ बैशाख देखि २०७५ असोज मसान्त सम्म उक्त खोपको चरम अभाव भए त्यसैलाई परिपूर्ति गर्नका निमित्त यस अभियानलाई निरन्तरताको दिँदै देशै भरि खोप अभियान संचालन गरिएको उनले बताए।

सो अवधिमा आईपीभी खोप लगाउन छुटेका बालबालिकाहरुलाई पोलियो लाग्ने जोखिम रहको हुँदा ती बालबालिकाहरुलाई अनिवार्य रुपमा यो खोप दिन जरुरी रहेको स्पष्ट पारे।

८० प्रतिशत पूर्ण, १६ प्रतिशत आंशिक र ४ प्रतिशत लगाउन नसकेको खोपको समग्र अवस्था नेपालमा रहेको चर्चा गर्दै जिल्ला स्वास्थ्य कार्यालय प्रमुख विपिन कुमार साहले रौतहट जिल्लाको १८ वटा पालिकालाई दुई भागमा बाँडेर दुई चरणमा यस अभियानलाई संचालन गरिने भएको हुँदा सम्बन्धित स्थानीय तहका विद्यालयहरुमा खोप केन्द्र खडा गरेर अनिवार्य रुपमा लक्षित संख्यालाई खोप लगाउनुपर्ने आग्रह उनले गरे।

जिल्ला समन्वय समितिका सभापति एवं जिल्ला खोप समन्वय समितिका अध्यक्ष रामअयोध्याय यादवको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा नेपाल पत्रकार महासंघका सभापति प्रेमचन्द्र झाले अभियानको पूर्ण सफलताको कामना गरेका थिए। सो कार्यक्रममा रौतहट प्रहरी एसपी दिलिप घिमिरे, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभियन सिंह, युनिसेफका प्रतिनिधि सुरेश गुप्ता लगायत संचारकर्मी र स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।

# नयाँ संरचना थप्दै कुष्ठ रोग अस्पताल

**टुडे समाचारदाता**

वर्दिवास । नेपाल लेप्रोसी ट्रष्टद्वारा सञ्चालित लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रमा नयाँ संरचनाको शिलान्यास गरिएको छ।

अस्पतालको भवन विस्तार कार्यक्रममा लालगढस्थित सेवा केन्द्र परिसरमा निर्माण हुने सात वटा नयाँ भवन तथा तीन वटा पुराना भवन पुनर्निर्माणको शिलान्यास बुधबार मिथिला नगरपालिकाका उपप्रमुख सुनिता सिंह बुढाथोकीले गरिन्।

अमेरिकी ल्याप्रोसी मिसनमार्फत दातृ निकाय युएसएड-आशाको करिब साढे १२ करोड रुपैयाँ (नौ लाख ७३ हजार ७३४ डलर) सहयोगले निर्माण हुने नयाँ संरचनाले यस अस्पतालको सेवा सुविधालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरोन्नति गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अस्पतालका सपोर्ट सर्भिसेस म्यानेजर सुमन तामाङकाअनुसार नयाँ निर्माण हुने भवनमा अप्रेसन थिएटर, पोष्ट अफ केयर, रिसर्च युनिट, लौन्ड्री, हाउस किपिङ, अतिथि आवास तथा अतिथि गृह, हाउस किपिङ, चमेनागृह तथा तालिम केन्द्रका लागि नयाँ भवन निर्माण हुन लागेको छ।

त्यस्तै पुनर्निर्माण गरिने



पुराना भवनमा बिरामी भान्सा, तालिम आवास र तालिम चमेना गृह जस्ता सुविधा थपिने छ। नयाँ संरचनाले अहिलेको सेवा सुविधालाई थप सशक्त, स्तरीय र अत्याधुनिक बनाउन सहयोग पुग्ने उनको भनाइ थियो।

नेपाली तथा भारतीय बिरामीको सर्वाधिक चाप रहने लालगढ कुष्ठ रोग अस्पतालमा अध्ययन अनुसन्धानका लागि अन्तर्राष्ट्रिय क्षेत्रबाट आउने चिकित्सा विज्ञानका विद्यार्थी तथा विज्ञहरूको संख्या बढ्दो क्रममा रहेको छ।

अस्पतालमा भने आवश्यकताअनुसारको संरचना नहुँदा उनीहरूले अनेकन् कठिनाइको सामना गर्नुपरेको थियो। संरचना अभावमा स्तरीय उपचार र सेवा विस्तारमा पनि समस्या थपिँदै गएकाले नयाँ संरचना थप्नु परेको सपोर्ट सर्भिस म्यानेजर तामाङले बताए।

त्यस्तै अस्पतालका मेडिकल निर्देशक डा कृष्णबहादुर तामाङले नयाँ संरचनाले अन्तर्राष्ट्रिय मापदण्डको सेवा विस्तार र देश विदेशका मेडिकल अनुसन्धानकर्तालाई अवसर प्रदान गर्नुका साथै जनस्वास्थ्य र कुष्ठ रोगको क्षेत्रमा काम गर्ने सामुदायिक सङ्घसंस्थाको दक्षता अभिवृद्धिमा टेवा मिल्ने बताए।

ठेकेदार कम्पनीका नवराज पहाडीले शिलान्यासको २४ महिनाभित्र निर्माण सम्पन्न गरिने बताए। कुष्ठ रोग निवारणका लागि सन् १९९१ मा स्थापना भएको लालगढ अस्पतालले ३३ वर्ष लामो सेवाकालमा नेपाल र भारतका गरी ४२ हजार बढी कुष्ठ रोगीको सफल उपचार तथा पुनर्स्थापना गरिसकेको छ।

# चोर बाटो बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न चोर बाटोहरु बन्द गरेका छन्। नदीजन्य पदार्थको अवैध उत्खनन गरी ओसारपसार गर्न प्रयोग गरिने चोर बाटोहरु जेसिबी मेसिनले खनेर बन्द गरिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक राजकिशोर साहले कडाइ गरेपछि रातिको समयमा लुकाएर नदीजन्य पदार्थको दोहन गर्न थालेपछि त्यसलाई पूर्णरुपमा बन्द गर्न चोर बाटोहरु बन्द गर्नुपरेको बताए। उनले मिथिला नगरपालिकाको सहयोग तथा समन्वयमा नगर क्षेत्रभित्र पर्ने औरही, जलाद र बडहरी खोलाको चोर बाटोहरु दुई दिन लगाएर बन्द गरिएको जानकारी दिए। अवैध नदी उत्खनन रोकथाम गर्ने क्रममा चालू आर्थिक वर्षमा ट्याक्टर, टिपर गरी २ सय ५० भन्दा सवारी साधन नियन्त्रणमा लिएर कारबाही गरिएको बताउँदै उनले अवैध उत्खनन कार्य रोक्न प्रहरी सक्रिय रहेको बताए।

यसैगरी, इलाका प्रहरी कार्यालय महेन्द्रनगरले




क्षीरेश्वरनाथ नगरपालिका र बटेश्वर गाउँपालिकाको विभिन्न नदीनालाबाट भइरहेको अवैध उत्खनन बन्द गर्न चोर बाटो बन्द गरेको समेत जनाएको छ। इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सोनुकुमार साहले आफ्नो इलाका क्षेत्रभित्र पर्ने नदीनालाबाट भइरहेको नदीजन्य पदार्थको दोहन रोक्न दर्जनौं चोर बाटो बन्द गरेको जानकारी दिए।

धरपकड गरेर जरिवाना तिराए पनि अवैध दोहन बन्द नभएपछि यो उपाय अपनाएको प्रहरी निरीक्षक साहको भनाइ छ। मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले आन्तरिक समस्याका कारण यस वर्ष खोला ठेक्कामा लाग्न नसकेको भए पनि अवैध उत्खनन भइरहेकाले प्रहरीको सहयोगमा सो बाटोहरु बन्द गर्न लगाएको बताए। उनले स्थानीय तहमा दर्ता नभएको, नवीकरण नगरेको र राजस्वसमेत नबुझाएका क्रसर उद्योग बन्द गराएको जानकारी दिए।

पछिल्लो केही वर्षयता धनुषाको उत्तरी क्षेत्रमा पर्ने जलाद, औरही, बडहरी, रातु र कमला नदीबाट हुने हुने गरेको गिट्टी, बालुवाको दोहन रोकथाम गर्न स्थानीय तह र प्रहरी प्रशासनका लागि चुनौती बनेको छ। खोला किनारमा रहेको क्रसर उद्योगी तथा गाउँका केही व्यक्तिले राति-राति जेसीबी, टिपर र ट्याक्टरको प्रयोग गरेर बालुवा, गिट्टीको उत्खनन गर्ने गरेको स्थानीयको भनाइ छ।

# ४२ हजार बढीलाई आईपिभी खोप लगाइने

**टुडे समाचारदाता**

मलंगवा । आईपिभि खोप अभियान २०८१ सम्वन्धी जिल्ला खोप समन्वय समितिका पदाधिकारी तथा सञ्चारकर्मी बीच अभिमुखीकरण गरिएको छ। आईपिभि खोप अभियानको औचित्य बारे बुझाउने र सर्लाही जिल्लालाई पूर्ण खोप सुनिश्चितता कायम गर्नका लागि चालिएका कदम बारे सरोकारवाला तथा सञ्चारकर्मीहरुलाई जानकारी दिने उद्देश्यले बुधबार सदरमुकाम मलंगवा स्थित स्वास्थ्य कार्यक्रममा अभिमुखीकरण गरिएको छ।

स्वास्थ्य कार्यालयका प्रमुख डा.नवल किशोर झाले कार्यक्रमको उद्देश्य माथि प्रष्ट पार्दै दादुरा रुवेला खोप अभियानको प्रगति विवरण सहित



पोलियो रोगको हालको अवस्था बारे सहभागीहरुलाई जानकारी गराएका थिए।

जेठ १३ गते उद्घाटन भइ दुई चरणमा अभियान संचालन हुने प्रमुख झाले जानकारी दिए। जिल्लाको २० वटा पालिकाहरु मध्ये पहिलो चरण अन्तर्गत जेठ १६ गते देखि जेठ २१ गते र दोस्रो चरण अन्तर्गत जेठ २४ गतेदेखि जेठ २९ गतेसम्म आईभिपी खोप संचालन हुने प्रमुख झाले सरोकारवाला तथा सञ्चारकर्मीहरुलाई जानकारी गराए। जिल्ला भरीको लागि ४२ हजार ४ सय डोज खोप उपलब्ध भएको उनले बताए।

आईपिभी खोप आपूर्ति नभएको अवधिमा यो खोप लगाउन छुट भएका बालवालिकाहरुलाई एक मात्रा आईपिभी खोप दिएर ती बालवालिकामा पोलियो रोगको विरुद्ध प्रतिरोध क्षमता कायम गर्नु आईपिभी खोप अभियानको लक्ष्य रहेको स्वास्थ्य कार्यालयका प्रमुख झाले बताए। उनले अभियान संचालनका लागि ४२ लाख रुपैयाँ उपलब्ध भएको सरोकारवाला तथा संचारकर्मीहरुलाई जानकारी गराए।

जिल्ला समन्वय समितिका प्रमुख कौशल किशोर सिंहको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलाको प्रमुख आतिथ्यतामा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरीका प्रतिनिधि, जिल्ला स्थित सरकारी तथा गैर सहकारी संस्थाका प्रतिनिधि लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

स्वास्थ्य कार्यालय सर्लाहीको आयोजनामा सम्पन्न भएको कार्यक्रमको संचालन जनस्वास्थ्य अधिकृत शुशिल झाले गरेका थिए।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८